**WANTED**

We are looking for energetic, enthusiastic, self motivated and experienced candidate for the following posts

* Primary - 1| English
Qualification: Minimum Bachelor Running

* Lower Secondary -1 | सामाजिक
* Lower Secondary -1 | Science | Maths
Qualification: Bachelor Degree

Apply immediately with handwritten application

* आया दिदी - २ (साधारण लेखपढ)

Learners' Academy
Secondary School
Ph: 6612496 / 9841271637
learners.edu@hotmail.com

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : २६ ★ ने. सं. ११४६ चिल्ला थ्व, प्रतिपदा ★ बुधबार ★ ६ फागुन, २०८२ ★ February 18, 2026, Wednesday ★ मूल्य रु.५।- ★ पृष्ठ ८

# नेमकिपा सभ्य, सुसंस्कृत र आदर्श समाज स्थापना गर्न सङ्घर्षरत



भक्तपुर, ५ फागुन । नेपाल मजदुर किसान पार्टी नगर निर्वाचन परिचालन समितिको आयोजनामा मङ्गलबार टेखाचोमा जनसभा भयो ।

उक्त जनसभामा नेमकिपाका सचिव एवं भक्तपुर क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार प्रेम सुवालले नेमकिपा सभ्य, सुसंस्कृत र आदर्श समाज स्थापना गर्न लागिपरेको उल्लेख गर्दै शिक्षा अनिवार्य र नि:शुल्क हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

पटक पटक सरकारमा गएका शासकहरूले लामो समयसम्म देश र बहुमत जनताको निम्ति कुनै सेवा नगरेको उल्लेख गर्दै उहाँले निर्वाचन जनताको राजनीतिक चेतनास्तर नाप्ने 'ब्यारोमिटर' हो भन्नुभयो ।

समाजवादी व्यवस्थामा उत्पादनका साधनहरू राष्ट्रियकरण हुने उल्लेख गर्दै उहाँले देशको स्वाधीनता र सार्वभौमसत्ताको निम्ति नेमकिपाले निरन्तर सङ्घर्ष गरिरहेको बताउनुभयो ।

देशको स्रोत र साधन विदेशीको हातमा दिने दल र दलका उम्मेदवारलाई मतदान गर्न नहुने उल्लेख गर्दै उहाँले देशको आयस्रोत बढाउन र किसानहरूलाई राहत पुऱ्याउन स्वदेशमै रासायनिक मल कारखाना खोल्न जोड दिँदै आएको बताउनुभयो ।

सीमा अतिक्रमण, विदेशी हस्तक्षेप र आक्रमणको नेमकिपाले विरोध गरिरहेको उल्लेख गर्दै उहाँले सिंहदरबार भ्रष्टाचारको अखडा बनिरहेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

***बाँकी पृष्ठ ८ मा***

# शिक्षाको गुणस्तर बढाउन योग्य शिक्षक, अनुशासित विद्यार्थी र सहयोगी अभिभावकहरू जरुरी




भक्तपुर, ५ फागुन । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्यालयको भवन राम्रो र ठुलो हुँदैमा र चर्को शुल्कले शिक्षाको गुणस्तर राम्रो नहुने बताउनुभयो ।

भक्तपुरको भार्वाचोस्थित गणेश माध्यमिक विद्यालयको ४२ औं वार्षिकोत्सव कार्यक्रममा उहाँले सामुदायिक विद्यालय र निजी विद्यालयलको शैक्षिक गुणस्तरमा समानता भए सार्वजनिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या उत्साहजनक रहने उदाहरण भक्तपुरका विद्यालयहरूले प्रस्तुत गरिरहेको बताउनुभयो ।

भक्तपुर नपाले यहाँका लोपोन्मुख स्थानीय मौलिक खेललाई जीवन्तता दिँदै उक्त खेलहरूको तालिम सञ्चालन गर्दै आएको उल्लेख गर्दै उहाँले गणेश माविको सफलतामा योग्य शिक्षक, अनुशासित विद्यार्थी र सहयोगी अभिभावकहरूको संयुक्त पहल र हातेमालो रहेको बताउनुभयो ।

प्रमुख प्रजापतिले विद्यार्थीहरूलाई सानै उमेरदेखि परिश्रम गर्न सिकाउनुपर्छ भन्दै विद्यालय तह राम्रो भयो भने भविष्यको जग पनि मजबुत हुने बताउनुभयो ।

विद्यार्थीहरूमा ढाट्ने, चोर्ने बानीहरूलाई शिक्षकहरूले समयमै सम्झाईबुझाई गरी सही दिशातर्फ लैजानु शिक्षकहरूको दायित्व र कर्तव्य भएको बताउँदै उहाँले शिक्षकहरूको आदेश र निर्देशन पालनामा विद्यार्थीहरूले जोड दिनुपर्छ भन्नुभयो ।

प्रमुख प्रजापतिले विद्यालय नागरिकलाई शिक्षित बनाउने थलो मात्र नभई सभ्य, सुसंस्कृत र अनुशासित बनाउने थलो पनि हो भन्दै उहाँले विद्यालय शिक्षा सबल, सफल र प्रभावकारी बनाउन जरुरी रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले विद्यालयको स्थापनाकालदेखि स्थानीय जनताबाट आर्थिक, भौतिक सहयोग प्राप्त भएको इतिहासको स्मरण गर्नुभयो ।

***बाँकी पृष्ठ ८ मा***

## ख्वप भक्तपुर मिनिबस यातायात प्रा.लि.

दूधपाटी, भक्तपुर, फोन नं. ६६१०४१६, ६६१००१८
Email : bktminibus@gmail.com

**करार कर्मचारी आवश्यकतासम्बन्धी सूचना**

यस ख्वप भक्तपुर मिनिबस यातायात प्रा.लि.को लागि निम्न कर्मचारीहरू आवश्यक भएको हुँदा इच्छुक व्यक्तिहरूले हस्तलिखित निवेदन, बायोडाटा, नागरिकता, पासपोर्ट साइजको फोटोसहित यस प्रा.लि.को कार्यालयमा बिहान १०:०० बजेदेखि ३:०० बजेसम्म निवेदन दर्ता गर्न ल्याउनुहुन जानकारी गराइन्छ ।

| | |
|---|---|
| पद | : टाइमकिपर (करार) |
| सङ्ख्या | : २ जना |
| शैक्षिक योग्यता | : एस.एल.सी. वा एस.ई.ई. |
| उमेर | : १८ वर्षदेखि ३५ वर्षसम्म |
| छनोट | : लिखित/अन्तर्वाता |
| दर्ता शुल्क | : रू. ५००।- |
| आवेदन दिने मिति | : २०८२ फागुन १० गतेदेखि १५ गतेसम्म |

## निर्वाचनको समयमा कर्मचारीले पालना गर्नुपर्ने आचरण

❖ कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै कार्य गर्नु/गराउनु, प्रचारप्रसारमा संलग्न हुनु वा प्रचारप्रसार गर्नु हुँदैन।

❖ कुनै राजनीतिक दल वा उम्मेदवारलाई कार्यालय वा आफ्नो भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिनु हुँदैन।

❖ निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने विषयमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स-एआई) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायतका कार्य गर्नु/गराउनु हुँदैन।

❖ निर्वाचन प्रयोजनका लागि सम्प्रेषण गर्नुपर्ने सूचनाबाहेक अन्य कुनै प्रकारका आफूलाई प्राप्त जानकारी कुनै राजनीतिक दल वा उम्मेदवार वा अनधिकृत व्यक्तिलाई दिनु हुँदैन।

❖ निर्वाचनसम्बन्धी कार्य गर्दा गराउँदा कसैको पक्ष वा विपक्ष लिनु हुँदैन।

नेपाल सरकार
विज्ञापन बोर्ड

***व्यङ्ग्यचित्रको कुनो***






खोटाङको दिक्तेलबजारमा चुनावी घरदैलो गर्दै खोटाङ क्षेत्र नं. १ मा नेपाल मजदुर किसान पार्टीका उम्मेदवार ध्यान प्रसाद ढकालसहितका कार्यकर्ताहरू मङ्गलबार ।

*तस्बिर : मजदुर दैनिक*

# काठमाडौँमा बढ्दै छ वायु प्रदूषण, सचेत रहन आग्रह



काठमाडौँ, ५ फागुन । काठमाडौँ उपत्यकामा वायु प्रदूषण बढेको छ । सोमबार मध्याह्नमा १७८ रहेको वायु गुणस्तर सूचकाङ्क (एक्युआई) मङ्गलबार मध्याह्नसम्म १९१ पुगेको छ । यो स्तर 'सबैका लागि अस्वस्थ' श्रेणीमा पर्छ, जसले विशेषगरी बालबालिका, ज्येष्ठ नागरिक तथा श्वासप्रश्वास र मुटुरोगीलाई बढी असर पार्न सक्छ ।

योसँगै मङ्गलबार काठमाडौँ उपत्यकाको वायु प्रदूषण अस्वस्थ तहमा पुगिसकेको छ । 'एयर क्वालिटी इन्डेक्स (एक्युआई) अनुसार आज काठमाडौँ विश्वकै तेस्रो प्रदूषित सहरका रूपमा सूचीकृत भएको छ । भारतको दिल्ली २२९ एक्युआईसहित पहिलो र पाकिस्तानको लाहोर २०३ एक्युआईसहित दोस्रो स्थानमा सूचीकृत भएको छ ।

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले वर्षा नभए आगामी दिनमा प्रदूषण अझै बढ्न सक्ने बताउनुभयो । वर्षाले हावामा रहेको धुलो तथा कणलाई जमिनमा झार्न मद्दत गर्ने भएकाले लामो समयसम्म सुक्खा मौसम रहँदा प्रदूषणको मात्रा उच्च हुने उहाँको भनाइ छ । दिगो तथा वातावरणमैत्री विकासका उपाय प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित निकायलाई सुझाव दिइएको महानिर्देशक सुवेदीले जानकारी दिनुभयो ।

वातावरण अभियन्ता वर्षा पराजुलीका अनुसार उपत्यकामा सवारीसाधनको तीव्र वृद्धि, डिजेल तथा पेट्रोलबाट निस्कने धुवाँ, निर्माणाधीन सडक तथा पूर्वाधार परियोजनाबाट उड्ने धुलो, साथै वन डढेलो र लामो समयसम्मको सुक्खा मौसमले वायु प्रदूषण बढाएको छ ।

"यदि समयमै नियन्त्रणका उपाय अपनाइएन भने स्थिति अझ जटिल बन्न सक्छ," उहाँले भन्नुभयो ।

सुक्खा रहेमा अझ झन् प्रदूषण बढ्न सक्ने भन्दै समयमा नै सचेत हुन समेत पराजुलीले आग्रह गर्नुभएको छ । इन्डेक्सको तथ्याङ्कअनुसार देखि ५० एक्युआई राम्रो (हरियो सङ्केत) तथा ५१ देखि १०० सम्म सचेत रहनुपर्ने (पहेँलो सङ्केत) मानिन्छ । त्यसैगरी, १०१ देखि १५० एक्युआई अस्वस्थ मानिन्छ, जसले श्वासप्रश्वास र मुटुरोगी बिरामीलाई असर गर्छ । यस्तै १५१ देखि २०० एक्युआई सबैका लागि अस्वस्थ, २०१ देखि ३०० एक्युआई धेरै अस्वस्थ तथा ३०० भन्दा माथि पुगेको अवस्था अत्यन्तै खतरनाक मानिन्छ ।

काठमाडौँ उपत्यकाको लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ अनुसार नेपाल सरकारले एक्युआई ३०० भन्दा बढी पुगेको अवस्थालाई विपद् मान्ने व्यवस्था गरेको छ । यस्तो विपद् न्यूनीकरणका लागि फोहोर बाल्ने कार्य रोक्ने, सडक सफाइका लागि 'ब्रुमर' तथा 'भ्याकुम' को प्रयोग बढाउने, बालबालिका, ज्येष्ठ नागरिक र बिरामीलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्ने व्यवस्था कार्ययोजनामा उल्लेख छ ।

राष्ट्रिय वातावरण नीति, २०७६ अनुसार वायु प्रदूषण न्यूनीकरणका लागि जल, वायु, माटो, ध्वनि, विद्युत्-चुम्बकीय तरङ्ग, रेडियोधर्मी विकिरण तथा जोखिमपूर्ण रासायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गर्ने सरकारी रणनीति छ । साथै प्रमुख सहर, औद्योगिक क्षेत्र तथा प्रदूषणको जोखिम रहेका स्थानमा गुणस्तर मापन केन्द्र स्थापना गरी वायु, जल र ध्वनि गुणस्तरको नक्साङ्कन गरिने उल्लेख गरिएको छ । ***रासस***

# चाँगुनारायणमा बालुवा–माटो उत्खनन्मा विवाद

भक्तपुर, ५ फागुन । चाँगुनारायण नगरपालिका वडा नं. ४ बुढाथोकी गाउँस्थित प्रस्तावित खेल मैदान निर्माणको क्रममा भएको बालुवा, माटो तथा निर्माण सामग्री उत्खनन् विवाद नयाँ मोडमा पुगेको छ । मुआब्जा नपाएको गुनासो लिएर नगरपालिकामा पुगेका पीडितसँगको छलफलको क्रममा नगर प्रमुख जीवन खत्रीले सञ्चारकर्मीलाई भिडियो खिच्न रोक लगाएपछि पारदर्शिता र अभिव्यक्ति स्वतन्त्रतामाथि प्रश्न उठेको छ ।

सोमबार नगर प्रमुखको कार्यकक्षमा स्थानीय जग्गाधनीहरू आफ्नो समस्या राखिरहेको बेला भक्तपुर टाइम्स तथा चाँगुपत्रका सम्पादक एवं नेपाल पत्रकार महासङ्घ भक्तपुरका सहसचिव हरिसुन्दर छुकांले पीडितको भनाइ भिडियोमा कैद गरिरहनुभएको थियो । तर, भिडियो खिच्न सुरु गरेको करिब तीन मिनेटमै नगर प्रमुख खत्रीले भिडियो खिच्न नदिन नगर प्रहरीलाई निर्देशन दिनुभएको थियो । साथै, उहाँले सञ्चारकर्मीलाई कार्यकक्षबाट बाहिर जानसमेत भन्नुभएको थियो ।

कार्यकक्षमै उपस्थित प्रशासन शाखाका कर्मचारी सुरज पौडेलले बन्द कोठामा अनुमतिबिना भिडियो खिच्न नमिल्ने तर्क राख्नुभएको थियो ।

विवादको केन्द्रमा रहेको सरकारी पर्ती थुम्को जग्गामा खेल मैदान निर्माण गर्ने उद्देश्यले आगंजा कन्स्ट्रक्सन कम्पनी प्रा. लि. ले आसपासका निजी जग्गा लिजमा लिई बालुवा, माटो र पाँगो भण्डारण तथा ओसारपसार गर्दै आएको थियो । जग्गाधनीहरूसँग मौखिक सहमति गर्दै प्रतिरोपनी वार्षिक ४० हजार रूपैयाँको दरले मुआब्जा दिने व्यवस्था गरिएको थियो ।

स्थानीयका अनुसार कम्पनीले २०७९ सालसम्मको मुआब्जा तिरे पनि त्यसपछि भने भाडा र क्षतिपूर्ति दिन बन्द गरेको छ । अझै पनि जग्गामा थुपारिएको माटो, बालुवा र ढिस्को हटाइएको छैन । साबिकको कुलोसमेत पुरिएकोले वर्षायाममा पानीको निकास अवरुद्ध भई खेतीयोग्य जमिनमा क्षति पुगेको पीडितहरूको भनाइ छ ।

राजाराम दाहालसहित २९ जना जग्गाधनीले नगरपालिकामा संयुक्त निवेदन दर्ता गर्दै आफ्नो जग्गा खाली गराउन, कुलो पुनः सञ्चालन गर्न र बाँकी मुआब्जा उपलब्ध गराउन माग गर्नुभएको छ ।

नगरपालिकाले प्राविधिक टोलीमार्फत स्थलगत निरीक्षण गराउँदा क्षेत्रको भू-धरातल उबडखाबड रहेको, सरकारी र निजी जग्गाको स्पष्ट सिमाना छुट्याउन कठिन भएको तथा उत्खनन् गरिएको माटो र बालुवाको वास्तविक परिमाण यकिन गर्नसमेत समस्या रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

नगरपालिका र जग्गाधनीबिच भएको छलफलमा जग्गा सम्याउने, पुरिएको कुलो नक्साअनुसार पुनः खोल्ने र खेतीयोग्य बनाउने प्रक्रिया अगाडि बढाउने सहमति भएको छ । तर, कम्पनीले तिर्नुपर्ने बाँकी मुआब्जा र क्षतिपूर्तिसम्बन्धी विषय भने हाल अदालतमा विचाराधीन रहेकाले अन्तिम निर्णयपछि मात्र कार्यान्वयन हुने नगरपालिकाले जनाएको छ ।

स्थानीय पीडितहरू आफ्नो जग्गा खेतीयोग्य अवस्थामा फर्किने र बाँकी मुआब्जा पाउने आशामा नगरपालिकाको निर्णय र अदालतको आदेश कुरिरहेका छन् ।

# उत्पादन बढाउँदै सिंहदरबार वैद्यखाना

काठमाडौँ, ५ फागुन । सिंहदरबार वैद्यखाना फेरि लयमा फर्कन थालेको छ । विसं २०७७ देखि औषधि उत्पादनमा कमी आएकामा वैद्यखाना फेरि लयमा फर्कन थालेको हो ।

तीन वर्षदेखि कच्चापदार्थका लागि ठेक्का सम्झौता नहुँदा औषधि उत्पादन घटेकामा हाल औषधि उत्पादन बढाइएको वैद्यखाना विकास समितिका कार्यकारी निर्देशक प्रदीप केसीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "केही समय समस्या भएको थियो, हाल उत्पादन वृद्धिमा ध्यान दिएर लागेका छौँ । उत्पादन वृद्धिसँगै कारोबारमा बढाइरहेका छौँ । हाल सरकारी औषधालयमा मात्र रु. दुई करोड बराबरको औषधि माग आएको छ ।"

कुनै बेला आम्दानीभन्दा २३३ प्रतिशत बढी खर्च हुने वैद्यखाना साउनयता नाफामा गएको कार्यकारी निर्देशक केसीले जानकारी दिनुभयो । समयमा कच्चापदार्थको आपूर्ति नहुँदा औषधि उत्पादन ठप्प भइरहेकामा पछिल्लो समय आन्तरिक समस्या समाधान गरेर उत्पादन वृद्धि गर्न लागेको उहाँले बताउनुभयो ।

विसं २०७७ मा १२ वटा मात्र औषधि उत्पादन गर्ने गरिएकामा हाल यहाँबाट ८६ प्रकारका औषधि उत्पादन भइरहेका छन् । तीमध्ये ३० वटा औषधि सरकारी औषधालयमा जाने गरेका छन् । "हामीले कच्चापदार्थ आपूर्तिका लागि २०८० पुसमा ठेक्का सम्झौता भएको थियो, तर ठेकेदारले कच्चापदार्थ नल्याएपछि कालोसूचीमा राख्यौँ । विसं २०८१ वैशाख नयाँ ठेक्का सम्झौता गरेर सोही वर्षको साउनयता औषधि उत्पादन भइरहेको छ," कार्यकारी निर्देशक केसीले भन्नुभयो ।

वैद्यखाना निरन्तर घाटामा गएपछि सात महिनासम्म कर्मचारीले तलबसमेत नपाउने अवस्था आएको थियो । हाल नियमित औषधि उत्पादन भएर नाफामा गएपछि कर्मचारीले नियमित तलब पाइरहेका छन् ।

**माग धान्नै गाह्रो**

वैद्यखानाको औषधिलाई सबैले रुचाएका कारणले हाल माग बढिरहेको र हाल करिब रु. चार करोड बराबरको औषधिको माग रहेको केसीले बताउनुभयो । "देशभरिबाट नै औषधिको माग बढिरहेको छ, तर हामीले मागअनुसार उत्पादन गर्न सकेका छैनौँ । त्यसैले हाल सरकारीबाहेक अन्यलाई औषधि दिन सकिएको छैन," उहाँले भन्नुभयो ।

कार्यकारी निर्देशक केसीले यस वर्षको अन्त्यसम्म ५० प्रतिशत सरकारी औषधालयमा औषधि पुऱ्याउने लक्ष्यसहित काम भइरहेको जानकारी दिनुभयो ।

शिलाजित, च्यवनप्रास, निमिया ( जोर्नी दुख्ने औषधि), चन्द्र प्रभावटी, महायोगराज, कान्चानार, त्रिफलालगायत औषधिको माग उच्च रहेको वैद्यखानाले जनाएको छ । हाल १५ वर्षदेखि रोकिएको स्वर्णभ्रष्म बिन्दु फेरि उत्पादन सुरु गरिएको छ । ***रासस***

# निर्वाचन १६ दिन बाँकी : बैङ्क तथा वित्तीय संस्थामा खाता खोल्ने उम्मेदवारको सङ्ख्या बढ्दै

काठमाडौँ, ५ फागुन । निर्वाचन आयोगले निर्वाचन खर्च बैङ्क तथा वित्तीय संस्थाका खातामार्फत गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेपछि उम्मेदवारले धमाधम खाता खोलेका छन् । राजनीतिक दल र उम्मेदवारले चुनावमा खर्च गर्न छुट्टै बैङ्क खाता खोल्ने व्यवस्था आयोगले गरेको छ । सोही व्यवस्थाअनुसार हालसम्म ६७१ जना उम्मेदवारले बैङ्क तथा वित्तीय संस्थामा चुनावी खाता खोलेका छन् ।

आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले तीन हजार ४०६ जना प्रत्यक्षतर्फका उम्मेदवारमध्ये हालसम्म बैङ्क खाता खोल्नेको सङ्ख्या ६७१ जना रहेका आयोगको प्रणालीमा सूचना प्राप्त भएको जानकारी दिनुभयो ।

निर्वाचनमा भाग लिने दल र उम्मेदवारले यसअघिका निर्वाचनमा बैङ्क खातामार्फत खर्च गर्नुपर्ने अनिवार्य गरिएको थिएन । यस वर्षदेखि भने दल र उम्मेदवारले निर्वाचन खर्च अनिवार्य बैङ्क खातामार्फत गर्नुपर्ने व्यवस्था लागू गरेको हो । बैङ्किङ प्रणालीबाट निर्वाचन खर्च पारदर्शी हुने आयोगको विश्वास छ ।

आयोगले विभिन्न आधारमा भूगोलअनुसार उम्मेदवारले रु. २५ लाखदेखि ३३ लाखसम्म खर्च गर्न पाउने व्यवस्था गरेको छ । आर्थिक अनुशासनका लागि आयोगले यस्तो व्यवस्था गरेको स्पष्ट पारेको छ । आयोगका सचिव कृष्णबहादुर राउतका अनुसार कालीकोटजस्तो दुर्गम जिल्लाका सबै उम्मेदवारले बैङ्क खाता खोलिसक्दा सुगम जिल्लाका अधिकांश उम्मेदवारले अझै खाता नखोलेका बताउनुभयो ।

नेपाल राष्ट्र बैङ्कका अनुसार ७५३ वटै स्थानीय तहमा बैङ्क तथा वित्तीय संस्थाको शाखा खुलेका छन् । राजनीतिक दल र उम्मेदवारले रु. २५ हजारभन्दा बढी रकम बैङ्क खाताबाट लिने र खर्च गर्नुपर्ने व्यवस्था गरेको छ । आयोगले सोमबार बैङ्क तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतलाई आमन्त्रण गरी छलफल गरेको थियो । सो छलफलमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बैङ्किङ प्रणालीबाट निर्वाचन खर्च पारदर्शी हुने बताउनुभएको थियो ।

बैङ्कसँगको छलफलमा उहाँले हातहातमा पैसा लिएर चुनावमा खर्च गर्न नपाइने व्यवस्था गरिएको र त्यसकै लागि आयोगले छुट्टै निर्देशिका बनाएको जानकारी दिनुभएको थियो । ***रासस***

# 'हृदयचन्द्र स्मृति सम्मान' प्रदान

काठमाडौँ, ५ फागुन । साहित्य सदन नेपालको स्थापना दिवस तथा हृदयचन्द्रसिंह प्रधानको १११ औँ जन्मजयन्तीका अवसरमा यस वर्षको 'हृदयचन्द्र स्मृति सम्मान' वरिष्ठ साहित्यकार राम विनयलाई प्रदान गरिएको छ ।

साढे छ दशक लामो साहित्य साधना गरी कविता, निवन्ध र कथा सृजना तथा साहित्य सन्ध्या संस्थामा नेतृत्व गर्दै साहित्यका माध्यमबाट समाज परिवर्तनमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै सोमबार आयोजित कार्यक्रममा विनयलाई सम्मान गरिएको हो ।

नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति गङ्गाप्रसाद उप्रेती, वरिष्ठ समालोचक प्रा. डा. दयाराम श्रेष्ठ, साहित्यकार कोशराज न्यौपाने, सदनका अध्यक्ष प्रा. डा. हेमनाथ पौडेल र पूर्वमन्त्री एवं साहित्यकार शान्ता मानवीले संयुक्त रूपमा सो सम्मान प्रदान गर्नुभएको हो । सम्मानका साथ रु. ५० हजार राशि रहेको छ । कार्यक्रममा 'साहित्य सदन' प्राज्ञिक प्रकाशनको लोकार्पण पनि गरिएको थियो ।

# द्योला विद्यालयमा आँखा परीक्षण

भक्तपुर, ५ फागुन । द्योला आधारभूत विद्यालयको आयोजनामा मङ्गलबार आँखाको परीक्षण भयो ।

विद्यालयका विद्यार्थी र अभिभावकहरूको सो आँखा प्रशिक्षण शिविर लियो क्लव अफ भक्तपुर रियल टेक र लियो क्लवस् अफ भक्तपुर गोल्डेन गेटको सहयोगमा भएको हो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मुक्तिसुन्दर जधारी र विद्यालयका प्रधानाध्यापक प्रेमनाथ सुवालको उपस्थितिमा भएको उक्त आँखा परीक्षण निःशुल्क गरिएको थियो ।

अभिभावक, शिक्षक शिक्षिका, कक्षा १, २, ४ र ५ का विद्यार्थीहरूको आँखा परीक्षणमा ख्वप अप्टिकल एन्ड आई क्लिनिक च्याम्हासिंहका चिकित्सकहरूले स्वास्थ्य परीक्षण गरेका थिए ।

सङ्क्षिप्त समाचार

## वासु रिमाल 'यात्री' स्मृति पुरस्कार भट्ट र कारञ्जितलाई

काठमाडौँ, ५ फागुन । विसं २०८२ को वासु रिमाल 'यात्री' स्मृति पुरस्कार राष्ट्रिय समाचार समिति (रासस) सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीका प्रमुख, उपसमाचारदाता सिद्धराज भट्ट र कोसी प्रदेश कार्यालय, विराटनगरमा कार्यरत कार्यालय सहयोगी गौरी कारञ्जितलाई प्रदान गरिने भएको छ ।

रासस कर्मचारी सङ्घले प्रदान गर्दै आएको उक्त पुरस्कार यसपटक उहाँहरू दुवैलाई संयुक्त रूपमा प्रदान गर्ने निर्णय गरिएको सङ्घका महासचिव छविलाल कुमालले जानकारी दिनुभयो ।

उक्त पुरस्कार राससको ६५औँ वार्षिकोत्सवका अवसरमा यही फागुन ७ गते यहाँ आयोजना हुने मूल समारोहमा वितरण गरिने उहाँले बताउनुभयो । भट्ट विसं २०५२ वैशाख र कारञ्जित विसं २०७१ जेठ महिनादेखि राससमा कार्यरत हुनुहुन्छ । पुरस्कारको राशि जनही रु. सात हजार ७७७ र सम्मानपत्र रहेको छ । स्व. रिमाल सङ्घको संस्थापक अध्यक्ष हुनुहुन्छ । उहाँलगायत राससमा कार्यरत कर्मचारीको सक्रियतामा विसं २०४७ मा सङ्घको गठन भएको थियो । विसं २०६६ साउनमा दिवङ्गत हुनुभएका रिमालको स्मृतिमा सोही वर्ष पुरस्कार स्थापना गरिएको हो । पुरस्कार कोषमा उहाँकी धर्मपत्नी शारदा रिमालले आर्थिक सहयोग गर्नुभएको सङ्घका अध्यक्ष पवित्रा गुरागाईंले जानकारी दिनुभयो ।

राससको वार्षिकोत्सवका अवसरमा सङ्घले प्रत्येक वर्ष समितिमा कार्यरत कर्मचारीलाई पुरस्कार वितरण गर्दै आएको छ । ***रासस***

## सब–इन्जिनियर यादव हत्या घटना : शीघ्र छानबिनको माग

धनुषा, ५ फागुन । भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेशअन्तर्गत कार्यरत कर्मचारीले सब–इन्जिनियर प्रमोदकुमार यादवको हत्या घटनाको विरोधमा मङ्गलबार 'पेनडाउन' गरेका छन् । कर्मचारीले हातमा कालोपट्टी बाँधेर कार्यालयको कामकाज पूर्ण रूपमा ठप्प पार्नुका साथै घटनाको निष्पक्ष तथा शीघ्र छानबिनको माग गरेका छन् ।

पूर्वाधार विकास कार्यालय सर्लाहीमा कार्यरत सब–इन्जिनियर यादवको आइतबार राति मलङ्गवा नगरपालिका-१० मा अज्ञात समूहले गोली हानी हत्या गरेको थियो । यस घटनापछि प्रदेशभरिका प्राविधिक र प्रशासनिक कर्मचारी आन्दोलित बनेका छन् । आन्दोलनमा सहभागी कर्मचारीले सार्वजनिक सेवामा खटिएका प्राविधिकमाथि भइरहेको आक्रमणले कार्यस्थलको सुरक्षा कमजोर भएको बताए । साथै, दोषीलाई तत्काल पक्राउ गरी कानुनी कारबाही गर्न सरकारसँग माग गरेका छन् । कर्मचारीका विभिन्न सङ्घसङ्गठनले संयुक्त विज्ञप्ति जारी गर्दै घटनालाई गम्भीरतापूर्वक लिन आग्रह गरेका छन् । यस्ता हिंसात्मक घटनाले कर्मचारीको मनोबल घटाउने र सेवा प्रवाहमा प्रत्यक्ष असर पार्ने विज्ञप्तिमा उल्लेख छ । ***रासस***

## मतपत्र छपाइ सकियो

भक्तपुर, ५ फागुन । आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक सम्पूर्ण मतपत्र छपाइ सम्पन्न भएको छ ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्ध निर्देशक यदुनाथ पौडेलले निर्वाचन आयोगले दिएको मतपत्र छपाइको जिम्मेवारी सोमबार साँझ सम्पन्न गरिएको जानकारी दिनुभयो । मङ्गलबारदेखि सबै मतपत्र 'प्याकेजिङ' सकेर सम्बन्धित प्रदेशमा ढुवानी गरिने उहाँले बताउनुभयो । प्रबन्ध निर्देशक पौडेलले भन्नुभयो, "प्रत्यक्षतर्फ दुई करोड तीन लाख मतपत्र छपाइकार्य सोमबार साँझबाट सम्पन्न गरेका छौँ । ४२ दिनको कार्यतालिका लिएर छपाइ सुरु गरिएकामा ४० दिनमै सम्पन्न गर्न सफल भयौँ । अब १० दिनभित्र सबै जिल्लामा मतपत्र पुर्‍याउँछौँ ।"

केन्द्रले दैनिक १३ देखि १५ लाख मतपत्र छपाइ गर्दै आएको थियो । यसअघि १० लाख नमुना मतपत्र छपाइ सकेर आयोगले विभिन्न ठाउँमा पुर्‍याइसकेको छ भने दुई करोड आठ लाख ३० हजार समानुपातिकतर्फको मतपत्र जिल्लामा पठाउने काम भइरहेको केन्द्रले जनाएको छ । प्रबन्ध निर्देशक पौडेलले कर्णाली र सुदूरपश्चिममा सबै मतपत्र पुगिसकेको र बाँकी क्षेत्रमा पनि १० दिनभित्र मतपत्र पुर्‍याउने गरी काम भइरहेको जानकारी दिनुभयो । ***रासस***

## काठमाडौँमा गत माघमा ९७६ अपराधका मुद्दा दर्ता

काठमाडौँ, ५ फागुन । काठमाडौँ जिल्लामा गत माघ महिनामा ९७६ अपराधका मुद्दा दर्ता भएको छ । ती मुद्दामध्ये १५९ जघन्य तथा गम्भीर अपराधका रहेका जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभयो ।

गत माघमा महिला बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित २२ मुद्दा रहेका छन् । आर्थिक अपराधका भने ४६६ मुद्दा दर्ता भएको पनि प्रहरीले सार्वजनिक गरेको विवरणमा उल्लेख छ । अन्य विभिन्न प्रकारका गरेर ३४० मुद्दा दर्ता भएको पनि उहाँले बताउनुभयो । यस बिचमा 'विशेष अपरेसन' चलाएर काठमाडौँमा मोटरसाइकलमा चढी सडकमा हिँड्ने व्यक्तिमाथि लुटपाट गर्ने १० जनालाई पक्राउ गरी कानुनी कारबाही गरिएको प्रहरीले जनाएको छ ।

फैसला कार्यान्वयनतर्फ भने ३६० जनालाई पक्राउ गरी उनीहरूबाट रु. दुई करोड २० लाख जरिवाना असुलसमेत भएको प्रहरीले जानकारी दिएको छ । यस्तै चालु मुद्दातर्फ ७०९ जनालाई पक्राउ गरिएको छ । यसमा ६३७ पुरुष छन् ।

महिला बालबालिकासँगसम्बन्धित उजुरी घरेलु हिंसातर्फ १४९ र ठाडो निवेदन ४९ दर्ता हुन आएकामा घरेलु हिंसाका १३१ र ठाडो निवेदनमा ३६ मिलापत्र भएको प्रहरीले पनि प्रहरीले जनाएको छ । ***रासस***




दैलेख जिल्लाको क्षेत्र नं. २ मा पर्ने आठविस नगरपालिकाको तिलेपातामा निर्वाचन प्रचार सभा गर्दै नेमकिपाका नेता-कार्यकर्ताहरू मङ्गलबार ।

*तस्बिर : मजदुर दैनिक*

## भोजपुरको कारागार र विमानस्थल सुरक्षामा नेपाली सेना

टक्सार (भोजपुर), ५ फागुन । आसन्न निर्वाचनको सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै नेपाली सेनाले भोजपुरको कारागार र विमानस्थल सुरक्षाको जिम्मेवारी सम्हालेको छ ।

सदरमुकाममा रहेको कारागार कार्यालयसँगै भोजपुर नगरपालिका-१२, टक्सारमा रहेको जिल्लाको एकमात्र विमानस्थलको सुरक्षाका लागि सेना परिचालन गरिएको हो । कार्यरत प्रहरी निर्वाचनका लागि खटिनुपर्ने भएकाले ती दुवै ठाउँको सुरक्षाका लागि सेनालाई जिम्मेवारी दिइएको हो ।

जिल्लामा रहेका नेपाली सेनाको नयाँ श्रीनाथ गणले कारागार कार्यालय र विमानस्थलको सुरक्षा जिम्मेवारी सम्हालेको ती कार्यालयले जनाएका छन् । सुरक्षाका दृष्टिकोणले अतिसंवेदनशील मानिएका कारागार, विमानस्थल तथा आयोजनामा सेना परिचालन गर्ने मन्त्रिपरिषद्को निर्णयअनुरूप ती ठाउँको सुरक्षामा सेना खटिएको जिल्ला सुरक्षा समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी राजन पौडेलले बताउनुभयो ।

गत माघ २१ गतेदेखि निर्वाचनका लागि शान्तिसुरक्षा कायम गर्न सेना परिचालन गर्ने निर्णयसँगै भोजपुरका ग्रामीण क्षेत्रमा पनि अहिले नेपाली सेनाले अन्य सुरक्षा निकायसँगको सहकार्यमा गस्तीलगायत कार्य गरिरहेको छ ।

**भोजपुरमा दलले थाले उम्मेदवारको प्रचारप्रसार**

यसैबिच, फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मङ्गलबारदेखि औपचारिक रूपमा प्रचारप्रसार सुरु भएको छ । निर्वाचन आयोगले तोकेको समयअनुसार यहाँ रहेका राजनीतिक दलले भोजपुर सदरमुकामबाट प्रचारप्रसार अभियान सुरु गरेका छन् ।

बजार क्षेत्रमा बिहानैदेखि राजनीतिक दलका नेता तथा कार्यकर्ताले घरदैलोमा प्रत्यक्ष तथा समानुपातिक उम्मेदवारको पोस्टर टाँस्न सुरु गरेका छन् । निर्वाचन आयोगले तोकेको मापदण्डअनुसार आफूरुले प्रचारप्रसार सुरु गरेको दलले जानएका छन् ।

मतदान हुनुभन्दा १५ दिनअघिदेखि मात्र निर्वाचन प्रचारप्रसारअन्तर्गत जुलुस, आमसभा, कोणसभा गर्न र सञ्चारमाध्यममा आफ्नो निर्वाचनसम्बन्धी सामग्री प्रकाशन वा प्रसारण गर्न सकिने व्यवस्था गरिएको छ ।

सोही व्यवस्थाअनुसार फागुन ४ गतेदेखि १८ गते राति १२:०० बजेसम्म राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन प्रचारप्रसार गर्नसक्ने जिल्ला निर्वाचन कार्यालयका प्रमुख डिकेन्द्रप्रसाद सुवेदीले जानकारी दिनुभयो ।

निर्वाचन आचारसंहिताको पूर्ण पालना गरी दल तथा उम्मेदवार एवं अन्य सरोकार भएका सबैले चुनाव प्रचारप्रसार गर्नसक्ने र औपचारिक रूपमा मतदातासमक्ष मत माग्न पाउने उहाँले बताउनुभयो ।

प्रमुख सुवेदीका अनुसार दल र उम्मेदवारले तोकिएको मापदण्डका आधारमा पत्रपत्रिकाका साथै अनलाइन सञ्चारमाध्यममा पनि विज्ञापनबाट प्रचारप्रसार गर्न सक्नेछन् । निर्वाचन कार्यालयले यही फागुन १७ गतेसम्मका लागि भोजपुरमा ८१ जना मतदाता शिक्षा स्वयंसेवक र नौ जना अनुगमनकर्तासमेत परिचालन गरिसकेको छ ।

यहाँ १२ दलका १२ उम्मेदवार चुनावी मैदानमा छन् भने जिल्लामा ८७ वटा मतदानस्थल र दुई अस्थायीसहित १६१ मतदान केन्द्र कायम गरिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । प्रतिनिधिसभाका लागि एकमात्र निर्वाचन क्षेत्र रहेको भोजपुरमा एक लाख २५ हजार ७६६ मतदाता छन् । ***रासस***

## एक महिनामा भक्तपुरमा १५२ वटा आपराधिक घटना दर्ता

भक्तपुर, ५ फागुन । भक्तपुर जिल्लामा विगत एक महिनाको अवधिमा १५२ वटा आपराधिक घटनाको मुद्दा दर्ता भएका छन् भने विभिन्न घटनामा ११० जनालाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर भक्तपुरले सोमबार प्रतिवेदन सार्वजनिक गर्दै गत माघभरिमा जघन्य तथा गम्भीर अपराधसम्बन्धी दुई वटा हत्याका घटना घटेका जिल्ला प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले जानकारी दिनुभयो ।

उहाँका अनुसार लागुऔषधका आठ घटना, बहुविवाह एक, बैङ्किङ कसुरका ६२, ठगीका सात, चोरीका १६, जुवाको एउटा र आत्महत्याका दुई वटा मुद्दा दर्ता भएका उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार विभिन्न घटनामा संलग्न ३२ जनालाई कैद सजायका लागि कारागार चलान गरिएको, फैसला कार्यान्वयनतर्फ दुई वर्ष नौ महिना एक दिन कैद सजाय भुक्तानका लागि कारागार चलान भएका छन् । विभिन्न घटनामा रु. ६७ लाख ४७ हजार ८० जरिवाना एवं बिगो सङ्कलन गरिएको उहाँले जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिका-३ वंशगोपालस्थित ३८ वर्षीया लालमाया तामाङको हत्याको अभियोगमा काभ्रे तिमाल गाउँपालिका-९ घर भई भक्तपुर नगरपालिका-३ बस्ने ३६ वर्षीय लनाम तामाङ पक्राउ परी पुर्पक्षका लागि जेल चलान गरिएको प्रहरी उपरीक्षक खड्काले जानकारी दिनुभयो ।

उहाँका अनुसार मध्यपुरथिमि नगरपालिका-३ कौशलटारस्थित डेराकोठामा आफ्नै आमा ५० वर्षीया सरिता भण्डारीको हत्या अभियोगमा पक्राउ परेका सिन्धुली कमलामाई नगरपालिका-६ बस्ने २७ वर्षीय प्रविन भण्डारीलाई पुर्पक्षका लागि जेल चलान गरिएको छ ।

महिला हिंसाका घटनामा ३६ उजुरी परेकामा २६ वटा मिलापत्र गरिएको छ भने १० वटा अनुसन्धानका क्रममा रहेका, ३२ जना नागरिक हराएकामा २३ जना फेला परेका छन् । प्रहरीमा आएर विभिन्न घटनामा उजुरी दिनेमा १८३ जना रहेकामा १४७ को फछ्र्यौट गरिएको जनाउँदै उहाँले जिल्ला प्रशासन कार्यालयमार्फत आएका ४३ उजुरीमध्ये ३७ वटाको फछ्र्यौट गरिएको बताउनुभयो ।

सवारी दुर्घटनातर्फ गत माघमा २२७ सवारीसाधन दुर्घटनामा ३४० वटा सवारीसाधनको संलग्नता रहेको जनाउँदै पाँच जनाको मृत्यु भएको परिसरका प्रहरी नायब उपरीक्षक प्रकाश जवेगुले जानकारी दिनुभयो । उहाँका अनुसार ती घटनामा ११५ जना घाइते भएका छन् ।

विभिन्न दुर्घटनामा १०० को प्रहरीले उद्धार गरेको, सवारी चेकिङका क्रममा एक हजार ६०७ वटा सवारीसाधनलाई कारबाही गरेको र रु. ११ लाख ४२ हजार २०० जरिवाना राजस्व सङ्कलन गरेको उहाँले जानकारी दिनुभयो । ***रासस***

## विदेश पठाउने भन्दै ६५ लाख ठगी गर्ने चार जना पक्राउ

काठमाडौँ, ५ फागुन । काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरीले रोजगारीका लागि विदेश पठाउने भन्दै रु. ६५ लाख ३३ हजार ठगी गरेको अभियोगमा चार जनालाई पक्राउ गरी सोमबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा झापा अर्जुनधारा नगरपालिका-६ बस्ने ५१ वर्षीय धर्मप्रसाद राई, काठमाडौँ तार्केश्वर नगरपालिका-७ बस्ने ३५ वर्षीया निमा डोल्मा लामा, झापा अर्जुनधारा-५ का ४२ वर्षीय गोविन्दप्रसाद निरौला र गोरखा गण्डकी गाउँपालिका-१ का ४३ वर्षीय सुरजबहादुर श्रेष्ठ रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "पक्राउ परेकामध्ये राईले अष्ट्रिया पठाउने भन्दै रु. पाँच लाख ८५ हजार, लामाले बेलायत पठाउने भन्दै रु. ५० लाख, निरौलाले टर्की पठाउने भन्दै रु. दुई लाख तीन हजार र श्रेष्ठले रोमानिया पठाउने भन्दै रु. सात लाख ५० हजार रकम लिई विदेश नपठाइ सम्पर्कविहीन भएको उजुरीका आधारमा पक्राउ गरिएको हो ।"

। सम्पादकीय ।

# सचेत र सङ्गठित जनशक्तिबिना परिवर्तन असम्भव

वर्गीय समाजमा राजनीतिक दलहरूको विचार भिन्नभिन्न हुनु स्वाभाविक हो । दलले कुनै न कुनै सिद्धान्त र विचार बोकेको हुँदा कुनै न कुनै वर्गका जनताको प्रतिनिधित्व गरेको हुन्छ । यही भएर देशमा बहुमत जनता श्रमजीवीवर्गको प्रतिनिधित्व गर्ने राजनीतिक दलदेखि सामन्त, पुँजीपति, जालीफटाहा, शोषकहरूको प्रतिनिधित्व गर्ने दलहरू पनि छन् । दलले आ–आफ्नो वर्गीय चरित्रअनुसार राजनीति गर्छ । तर, देशका कति जनता अझै राजनीतिक, सैद्धान्तिक र वैचारिक रूपले सुसूचित नभएको हुँदा, अपठित, अशिक्षित भएको हुँदा, जाति, भाषा र क्षेत्र हेरेर मतदान गर्ने भएको हुँदा देश र जनताको लागि चाहिने व्यक्ति जति जिताउनुपर्ने हो, त्यति जिताउन सकेको देखिँदैन । कुन दलले कुन वर्गका जनताको प्रतिनिधि गर्छ भन्ने थाहा नहुँदा, जनता हल्लाको राजनीतिमा लागेको हुँदा देशमा भ्रष्टाचारी, अत्याचारी, कलुषित, अपराधी जनप्रतिनिधिहरू निर्वाचित भएको कुरा गलत होइन । नयाँ पुस्ताका युवा - विद्यार्थी नयाँ दलको नाउँमा लहैलहैमा गएको घटना पनि गलत होइन । देशको राजनीतिबारे सही विश्लेषण गर्न नसकेका, गहिरो अध्ययन नगरेका या वर्ग विश्लेषण सही नभएरै कति युवा- विद्यार्थीहरू लहैलहैमा लागेको पनि यथार्थ हो ।

सतही राजनीति गर्नेहरूको विश्लेषण सही हुँदैन । उनीहरू अवसरवादी हुन्छन्; स–साना लोभलालचमा फस्छन् । कुनै पुरानो दलले गरेका गलत या कमी कमजोरीलाई हेरेर सबै दल उस्तै हुन् भनी उनीहरू झूट कुरा फलाक्छन् । देशका सबै दलले निर्वाचनलाई सिद्धान्त र विचार जनतामाझ पुऱ्याएका भए जनता सचेत हुन्थे; सङ्गठित हुन्थे र सही दलका सही उम्मेदवार छान्न अघि सर्थे । मतदाताले जाति, भाषा, लिङ्ग र क्षेत्रको आधारमा मतदान गरेको कारण देशले सही जनप्रतिनिधि निर्वाचन गर्न नसकेको हो । कति दलका नेताहरू पनि सिद्धान्त, विचार र कार्यदिशा छोडेर नितान्त व्यक्तिगत र दलगत स्वार्थमा लागेको कारण राजनीतिक संस्कार विकास नभएको हो । नेमकिपाले निर्वाचनलाई राजनीतिक कक्षा सञ्चालनको रूपमा लिनुको कारण जनतालाई सचेत र सङ्गठित गर्न नै हो । सचेत र सङ्गठित जनशक्तिबिना समाज परिवर्तन सम्भव छैन । आमूल परिवर्तनको निम्ति देशका जनता सचेत र सङ्गठित हुनुपर्छ ।

कति सर्वसाधारण जनता र नयाँ पुस्ताका युवा विद्यार्थीहरू पुरानालाई धेरै हेरिसकेँ, अब नयाँ दल रोज्नुपर्छ भन्छन् । कोही भन्छन्, नयाँ दलले के गरेको छ र नयाँ दललाई मतदान गर्न । नयाँ दल हुँदैमा सही हुने र पुरानो दल हुँदैमा गलत हुने मानसिकता राजनीतिक निकास होइन । ठीक र बेठीकको मापदण्ड नयाँ दल र पुरानो दल होइन । गलत काम गर्ने दल नयाँ या पुरानो जे भए पनि जनताले समर्थन गर्नु हुँदैन । आजको नयाँ दल भोलि पुरानो हुन्छ । आजको नयाँ दल अर्को निर्वाचनमा पुरानो भयो भनेर काम नलाग्ने होइन । यसकारण, नेपाली जनताको वैचारिक र सैद्धान्तिक द्वन्द्व नयाँ र पुरानोबिचको होइन । निर्वाचन विचारको लडाइँ भएको हुँदा मूल कुरा दलको उद्देश्य र विचार हो । विचार नै खोटपूर्ण छ भने त्यो दलले नयाँ या पुरानो जे भए पनि काम लाग्दैन । अत: दलको सही मापदण्ड पुरानो र नयाँ दल होइन । पुरानो कामै नलाग्ने र नयाँ भन्नेबित्तिकै सबै सही हुने बुझाइ गलत हो । गलत विचारको जहिले पनि विरोध गर्नुपर्छ - दल पुरानो होस् या नयाँ !

हाम्रो अमूल्य भोट दबाब, धाकधम्की, लोभलालच या प्रलोभनमा बिकाउनु हुँदैन । आफ्नो मत सिद्धान्त र विचारको निम्ति राख्ने हो । आफ्नो मत व्यक्त गर्नु नै विचार व्यक्त गर्नु हो, आफ्नो मत राख्नु नै विचार राख्नु हो । यसकारण, आफ्नो मत बुझेर राख्ने हो । जनताले देशलाई ऋणमा डुबाउने, भ्रष्टाचारीहरूलाई संरक्षण गर्ने दल र दलका उम्मेदवारहरूलाई कसरी मतदान गर्ने ? निर्वाचन नयाँ र पुरानो दलको द्वन्द्व होइन विचारको द्वन्द्व हो ।

आज हचुवाको भरमा या कसैको लहैहलैमा मतदान गरेर पछि पछुताउने होइन । कसको कारण देश ऋणमा डुब्यो ? कसको कारण देश भ्रष्टाचार बढी हुने देशको सूचीमा पऱ्यो ? बेथितिको देश कसरी बन्यो ? देशको सन्तुलित विकासमा सरकारको ध्यान किन गएन ? देशमा कसरी विदेशी चलखेल बढ्यो ? ठुला दल या सत्तासीन दलका नेताहरू किन अवसरवादी बने ? उनीहरू आ–आफ्नो दलको सिद्धान्त र विचार बन्धक राखेर किन भागबन्डामा अघि सरे या गठबन्धनमा लागे ? जनताको शान्ति सुरक्षा र आधारभूत आवश्यकता पूर्ति गर्नेतर्फ शासकहरू किन अघि सरेनन् ? देश र जनता दलभन्दा माथि छ भन्ने कुरा किन बुझ पचाइयो ? यसकारण, प्रत्येक मतदाताले आ–आफ्नो अमूल्य भोट सही ठाउँमा उपयोग गर्नुपर्छ; सही उम्मेदवार निर्वाचित गर्नुपर्छ ।

# सरकार ढाल्न सजिलो, चुनाव जित्न गाऱ्हो

✍ ऋषि गुप्ता


निर्वाचन जितेर प्रधानमन्त्री पदको सपथ लिँदै बिएनपीका नेता तारिक रहमान लगायत ।

बङ्गलादेशमा विद्यार्थी नेतृत्वको आन्दोलनपछि गठन भएको नयाँ दल नेसनल सिटिजन पार्टी (एनसीपी) ले फेब्रुअरी १२ को संसदीय चुनावमा जम्मा ६ सीट मात्र जितेको छ । एनसीपी सन् २०२४ जुलाईको आन्दोलनमा महत्त्वपूर्ण भूमिका निभाएका विद्यार्थी नेताहरूले गठन गरेका थिए, जुन आन्दोलनले शेख हसिनाको नेतृत्वमा रहेको शक्तिशाली सरकारलाई ढालेको थियो ।

यस पार्टीले आन्दोलनबाट हासिल गरेको सफलतालाई चुनावी मतमा परिणत गर्ने आशा गरिएको थियो । सामाजिक सञ्जालदेखि मतसर्वेक्षणसम्मले एनसीपीले चुनावमा महत्त्वपूर्ण प्रभाव पार्ने बताइरहेका थिए । हुन पनि पछिल्लो परिवर्तनका संवाहक नेताहरू रहेको पार्टी भएकाले त्यस्तो विश्लेषण हुनु स्वाभाविक थियो ।

तर, चुनावअगावै एनसीपीमा समस्या देखिन थालिसकेको थियो । पुराना स्थापित दलहरू बङ्गलादेश राष्ट्रवादी पार्टी (बीएनपी) र जमात–ए–इस्लामीमा नदेखिएको स्तरमा एनसीपीमा नेतृत्वको चयनदेखि वैचारिक मुद्दासम्म आन्तरिक द्वन्द्व तीव्र देखिन्थ्यो । दलको वैचारिक दिशालाई लिएर मतभेद नटुङ्गिँदै पार्टीले कट्टरपन्थी इस्लामिक दल जमात–ए–इस्लामीसँग चुनावी गठबन्धन गऱ्यो । अहिले बङ्गलादेशका जनताले बीएनपीको पक्षमा अत्यधिक मतदान गर्दा जमातसहितको गठबन्धनले मतसर्वेक्षणले देखाएभन्दा निकै कम मत पाएको छ । यस चुनावी नतिजाले बङ्गलादेशमा एक पुरानो बहसलाई पुन: जगाएको छ- के लोकप्रिय राजनीतिले मात्र सडक शक्तिलाई चुनावी शक्तिमा बदल्न सक्छ ?

दक्षिण एसियामा लोकप्रिय राजनीतिको चर्चा गर्दा भारतको 'आम आदमी पार्टी (आप)' को कुरा आउँछ, जसले दिल्लीमा एक समय अभूतपूर्व जीत हासिल गरेको थियो । आप भ्रष्टाचारविरोधी आन्दोलनबाट जन्मिएको थियो । यसले नयाँदिल्लीस्थित जन्तर–मन्तरबाट उठेको संस्थापनविरोधी प्रदर्शनबाट सिर्जित राष्ट्रिय माहोललाई मतमा परिणत गऱ्यो । परिणामस्वरूप आप दिल्ली राज्यसभाका लागि भएको चुनावमा पुरानो पार्टी भारतीय राष्ट्रिय काङ्ग्रेसलाई पराजित गर्न सफल भयो ।

**चुनाव जित्न बलियो पार्टी सङ्गठन, बलियो नेतृत्व र संस्थागत उपस्थिति चाहिने रहेछ, सामाजिक सञ्जालको लोकप्रियता होइन ।**

तर, दक्षिण एसियाका अन्य भागमा आन्दोलनबाट उदाएका दलले आपको सफलता अनुभव गर्न सकेको देखिँदैन । सन् २०२२ मा श्रीलङ्का र पछि बङ्गलादेशमा भएका आन्दोलनले नयाँ शक्तिलाई खासै फाइदा गरेन । आखिर, युवा आन्दोलनले पुराना स्थापित दल र तिनका नेतृत्वलाई किन बलियो चुनौती दिन सक्दैन ? उत्तर हो, प्राय: मत परिवर्तन गर्न कठिन हुने मतदाताको समूह । मतदाताहरू प्राय: आफ्नो मत बदल्न अप्ठ्यारो मान्छन् र कुशल नेतृत्वको गुणलाई लामो अनुभवसँग जोड्छन् । यो समूहले सामाजिक सञ्जालको फलोअर्स वा प्रशंसालाई देश चलाउन आवश्यक योग्यता मान्दैन ।

नेपाल र फिलिपिन्सजस्ता एसियाली देशमा भएका पछिल्ला जेन–जी आन्दोलनले देखाएका छन् कि सामाजिक सञ्जाल भ्रष्टाचार, नातावाद, कुशासनमाथि वैध प्रश्नहरू उठाउन उपयोगी त हुन्छ । तर, मैदानको परम्परागत राजनीतिक दलहरूको सङ्गठनलाई धक्का दिन कठिन हुनेरहेछ । युवाले सत्तामा जान देखाउने अधीरताले पनि तिनलाई हानि गर्ने गरेको देखिन्छ ।

श्रीलङ्कामा कुमार दिसानायकेको नेतृत्वको स्थापित पार्टीकै गठबन्धनले चुनाव जित्यो । त्यहाँ सन् २०२२ को आन्दोलनमा सक्रिय भूमिका खेलेका युवाले पिपल्स स्ट्रगल अलायन्स (पीएसए) बनाएका थिए । पीएसएको चुनावी मत निकै निराशाजनक थियो । श्रीलङ्का र बङ्गलादेशका अनुभवले युवा नेतृत्वको दलले चुनावमा आवश्यक हुने सबै उमेर समूहको मत तान्न नसक्ने देखाएको छ । मतदाता त विभिन्न उमेर समूहमा फैलिएका हुन्छन् ।

एनसीपीको गुमेको अवसर : यसपटक बङ्गलादेशको चुनावका १२.५ करोड दर्ता भएका मतदातामध्ये ३० प्रतिशत १८ देखि ३५ वर्षबिचका उमेरका युवा थिए । एनसीपीले यो उमेर समूहका मतदातालाई आकर्षित गर्नसक्थ्यो । तर, उसले ती समूहलक्षित गर्न सक्रियता देखाएन । त्यसबाहेक पार्टीभित्रको आन्तरिक नेतृत्व सङ्घर्ष यति तीव्र थियो कि यसले सेप्टेम्बर २०२५ मा विश्वविद्यालयको चुनाव लड्ने आत्मविश्वाससमेत जुटाउन सकेन । हुन त पार्टीले विद्यार्थी चुनावमा पराजय भएमा त्यसले राष्ट्रिय वातावरण बिगार्छ भन्ने डरले पनि जोखिम नउठाएको हुनसक्छ ।

उता त्यस चुनावमा जमातको विद्यार्थी शाखा इस्लामी छात्र शिविरले देशका सबैभन्दा प्रतिष्ठित उच्च शिक्षा संस्था ढाका विश्वविद्यालय र जहांगिरनगर विश्वविद्यालयमा जित हासिल गऱ्यो । त्यसलाई धेरैले जमातको बढ्दो शक्ति र आगामी आमनिर्वाचनमा बलियो प्रदर्शनको सम्भावनाका रूपमा व्याख्या गरेका थिए । तथापि, त्यस्तो पनि भएन । एनसीपीको सबैभन्दा ठुलो गल्ती यसले चुनेको गठबन्धन सहयात्री रह्यो । आफूलाई प्रगतिशील र उदारवादी युवाको प्रतिनिधित्व गर्ने दल दाबी गर्नेले चुनावमा अतिवादी इस्लामिक दल जमात–ए–इस्लामीसँग गठबन्धन गरेको थियो । यो पार्टीले दशकौँदेखि बङ्गलादेशको सांस्कृतिक विविधता, धर्मनिरपेक्षता र महिला सशक्तीकरणको मूल सिद्धान्तलाई चुनौती दिँदै आएको छ । अझ बङ्गलादेश स्वतन्त्र हुन लडेको सङ्घर्षमा यसले पाकिस्तानी सेनालाई सघाएको भन्ने भाष्य बलियो छ । तर, जमातसँग गठबन्धन गर्ने निर्णयको एनसीपीले प्रतिरक्षा गरिरह्यो । त्यसक्रममा उसका तर्क धेरै अमिल्दा देखिन्छन् । त्यसैले अहिले उसलाई नराम्रो असर पुऱ्यायो ।

आधुनिक समयमा, सामाजिक सञ्जाल गुनासाहरू एकताबद्ध गर्न, सरकारविरुद्ध आक्रोश व्यक्त गर्न अझ पछिल्लो उदाहरणमा सरकार नै ढाल्नसमेत प्रभावकारी प्लेटफर्म बनेको निश्चित हो । तर, विश्वका धेरै स्थानमा चुनावी अनुभवले सामाजिक सञ्जालबाट उदाएका शक्तिले आफूलाई चुनावी शक्ति बनाउन नसकेको देखाउँछ । चुनाव जित्न भने पार्टीको सङ्गठन, बलियो नेतृत्व र संस्थागत उपस्थिति चाहिने रहेछ, सामाजिक सञ्जालको लोकप्रियता होइन ।

*(जवाहरलाल नेहरू विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय अध्ययनमा विद्यावारिधि गरेका गुप्ता दक्षिण एसियाली राजनीतिमाथि कलम चलाउँछन् ।)*

*- द प्रिन्टबाट*



# समाजवादको विचारधारात्मक आधारका केही समस्याहरूको सम्बन्धमा – २

✍ किम जोङ इल

इतिहासको विभिन्न कालखण्डदेखि मान्छेको चेतना सम्बन्धमा प्रगतिशील र प्रतिक्रियावादी चेतनाबिच चर्को वादविवाद हुँदै आएको छ । आदर्शवादीहरूले आत्मालाई पूर्ण र रहस्यमय बनाइदिए । मानौँ कि भौतिक जीवात्माभित्र स्वाधीन रूपले अस्तित्त्वमा रहने एउटा तत्त्व थियो । आदर्शवादको ठीक उल्टो भौतिकवादीहरू आत्मा भौतिक संसारको एउटा प्रतिबिम्ब भएको कुरालाई जोड दिन्छन् । प्रतिबिम्बको सिद्धान्त आत्माको रहस्यात्मकताविरुद्ध अघि बढेको एउटा सिद्धान्त थियो । यद्यपि, चेतनाको भूमिकामा यो एउटा वैज्ञानिक वर्गीकरण हुनसक्दैनथ्यो । मार्क्सले सामाजिक सत्ताले मान्छेको चेतना निर्धारण गर्ने कुरालाई सुस्पष्ट पार्दै आदर्शवादले भौतिकवादको सक्रियतापूर्वक प्रतिक्रिया जनाउने कुरालाई सुस्पष्ट पार्नु भए तापनि उहाँले (मार्क्सले) मान्छेको गतिविधिमा विचारधारात्मक चेतनाको निर्णायक भूमिका सम्बन्धमा सुस्पष्ट पार्न असफल हुनुभयो ।



जुछे विचारधाराले सबैभन्दा पहिले मान्छेको क्रियाकलापमा विचारधारात्मक चेतनाले नै निर्णायक भूमिका खेल्छ भन्ने कुरालाई सुस्पष्ट पार्यो । निश्चय पनि भौतिक अवस्थाअन्तर्गत मान्छेका गतिविधिहरू सञ्चालित हुन्छ र चेतनाले भौतिक संसारलाई प्रतिबिम्बित गर्छ, तर चेतनाको भूमिका भौतिक संसारलाई प्रतिबिम्बित गर्ने र प्रतिक्रिया जनाउने कार्यमा मात्र सीमित रहँदैन ।

चेतनाले मान्छेका सबै गतिविधिहरूको निर्धारण गर्दछ । विचारधारात्मक चेतना भनेको मान्छेको सबै विचार र गतिविधिहरूको आधार हो । यसले मान्छेको ज्ञानात्मक गतिविधि र व्यवहारमा निर्णायक भूमिका खेल्छ । मान्छेमा स्वाधीनताको चेतना हुन्छ । यसैकारणबाट मान्छेले वस्तुगत विश्वलाई ऐच्छिक रूपले बुझ्छ र सृजनात्मक गतिविधि गर्दछ ।

विचारधारात्मक चेतनाको भूमिका यसको चरित्र र विषयवस्तुबाट निर्धारित हुन्छ । चरित्र र विषयवस्तुबाट निर्धारित विचारधारात्मक चेतना नै मान्छेका सबै गतिविधि हो । यसैगरी, यो नै मान्छेको दृष्टिकोण, धारणा, विधि, कार्य गर्ने तरिका, जीवनको बाटो हो इत्यादि । क्रान्तिकारी विचारधारात्मकताको रूपमा रहेको स्वाधीनताको विचारधारात्मक चेतनाले स्वाधीनताको रक्षा गर्छ र क्रान्तिकारी धारमा कार्यनीतिको प्रकृति र समाजलाई फेर्ने क्रान्तिकारी सङ्घर्षलाई परिचालन गर्दछ । जबकि प्रतिक्रियावादी विचारधारात्मक चेतनाले जनसमुदायको चेतनालाई कुण्ठित पार्छ र सामाजिक प्रगतिलाई रोक्छ ।

क्रान्तिकारी सङ्घर्षमा विजय र सफलताको निर्णायक तत्त्व भन्नु नै क्रान्तिकारी विचारधारात्मक चेतनाले सुसज्जित/ओतप्रोत जनसमुदायको सङ्गठित प्रयत्न हो । वस्तुगत भौतिक र आर्थिक अवस्था कममात्र परिपक्व भएको देशहरूमा पनि क्रान्तिलाई परिचालन गर्ने निर्णायक शक्ति भनेको जनसमुदायको क्रान्तिकारी विचारधारात्मक चेतना हो भन्ने कुरा ऐतिहासिक तथ्यले प्रमाणित गरेको छ । जनसमुदाय नै समाजको मालिक भएको समाजवादी समाजमा मान्छेको विचारधारात्मक चेतनाको भूमिका झन् अघि बढेको छ ।

मान्छेको सबै गतिविधि विचारधारात्मक चेतनाले निर्धारण गर्दछ, क्रान्ति र निर्माणलाई अघि बढाउन मान्छेको विचारधारालाई पुनः नयाँ रूप दिने कार्यलाई प्राथमिकता दिनुपर्छ । मान्छेको विचारधारालाई पुनर्गठन गर्ने सबैभन्दा राम्रो विधि भनेको विचारधारात्मक क्रान्ति हो । समाजवादी र साम्यवादी मुख्य निर्माणको आवश्यकता नै विचारधारात्मक क्रान्तिलाई अघि बढाउने तत्त्व हो र समाजवादी व्यवस्थाको स्थापनापछि मजदुर वर्गीय पार्टी र राज्यको स्थापनापछि मजदुर वर्गीय पार्टी र राज्यको सबैभन्दा महत्त्वपूर्ण कार्य नै यही हो ।

क्रान्तिको प्रेरक शक्तिलाई अतुलनीय ढङ्गले सुदृढ पार्न सकिन्छ र समाजका सबै सदस्यहरू पुराना काम नलाग्ने विचारधाराको कोलाहलबाट मुक्त र विचारधारात्मक क्रान्तिको माध्यमबाट पूर्ण रूपले कम्युनिस्ट क्रान्तिकारी बन्न तयार भएपछि समाजवाद र साम्यवादको आजु सफलतापूर्वक पूरा हुनेछ ।

मान्छेको कार्यमा विचारधारात्मक चेतनाले निर्णायक भूमिका खेल्ने हुनाले विचारधारात्मक क्षेत्रको द्वन्द्वमा सधैँ नै प्रगतिशील र प्रतिक्रियावादीबिचको द्वन्द्व अनि क्रान्तिकारी र प्रतिक्रान्तिकारीबिचको द्वन्द्वको आधार निर्माण हुन्छ । समाजवादी देशहरूमा भ्रष्ट पुँजीवादी विचारधारा घुसपैठ गराउने साम्राज्यवादीहरूको डरलाग्दो प्रयत्न समाजवादको विचारधारात्मक जगलाई कमजोर पार्दै समाजवादलाई भित्रभित्रै खोक्रो पार्न लक्षित रहेको छ ।

साम्राज्यवादीहरूको समाजवादविरोधी संयन्त्रलाई चकनाचुर पार्ने सबैभन्दा शक्तिशाली हतियार भनेको जनसमुदायको क्रान्तिकारी विचारधारात्मक चेतना हो । त्यसो भए तापनि विगतमा केही समाजवादी देशहरूले विचारधारात्मक कार्यलाई बेवास्ता गरे र पुँजीवादी विचारधाराको घुसपैठलाई अपेक्षा गरे । यसको परिणाम समाजवादको आजु नै समाप्त भयो । ऐतिहासिक अनुभवले के देखाउँछ भने साम्राज्यवादीहरूले समाजवादी देशहरूमा जति जति बढी प्रतिक्रियावादी पुँजीवादी विचारधारा घुसपैठ गर्ने षड्यन्त्र गर्छन् । ती समाजवादी देशहरूले त्यस्तो घुसपैठलाई रोक्न झन् बढीभन्दा बढी कठोरपूर्वक सङ्घर्ष गर्नुपर्छ र समाजका सम्पूर्ण सदस्यहरूलाई क्रान्तिकारी विचारधाराबाट सुसज्जित गर्नुपर्छ । सम्पूर्ण समाजलाई जुछेको क्रान्तिकारी भावनाबाट ओतप्रोत गराउन पार्टीको नेतृत्वअन्तर्गत हामीले सशक्त ढङ्गले विचारधारात्मक क्रान्ति परिचालन गरेका छौँ ।

परिणामस्वरूप हाम्रो पङ्क्तिभित्र पुँजीवादी विचारधारा फैलाउने साम्राज्यवादी र प्रतिक्रियावादीहरूको सबै किसिमको कुचाल नष्ट भएको छ । हाम्रो समाजवाद आफ्नो कार्य क्षमतालाई पूर्ण रूपले खेल्न दिन सक्षम भएको छ ।

हाम्रो समाजवादले सामाजिक प्राणी मान्छेको समतावादी मागलाई Collectivist demand मूर्तरूप दिएको छ । मान्छे सामाजिक सम्बन्धमा बाँच्नको लागि काम गर्ने सामाजिक प्राणी हो । सामाजिक प्राणीको हैसियतले मान्छेले सफलतापूर्वक सामाजिक समताको सामूहिक माध्यमबाट मात्र आफ्नो भाग्य निर्माण गर्नसक्छ, त्यस उसले समूहवाद मान्छेको मूलभूत माग हो । समूहवादको आधारमा मात्र मान्छेका स्वाधीनता, सृजनशीलता र चेतनाले पूर्ण रूपले खेल्न पाउनेछ ।

मान्छेको प्रारम्भिक गुणलाई सामाजिक सम्बन्धको प्रतिबिम्बको रूपमा परिभाषित गर्दै 'मार्क्सले मान्छे सामाजिक सम्बन्धमा बाँच्ने प्राणी हो भनी सुस्पष्ट पार्नुभयो । तर, उहाँले मान्छेलाई सामाजिक समताको एक सदस्यको रूपमा परिभाषित गर्न र समष्टिवादलाई मान्छेको मूलभूत मागको रूपमा स्वीकार्न असफल हुनुभयो । सबैभन्दा पहिले जुछे विचारधाराले सामाजिक समष्टिवादमा मात्रै मान्छेले सार्थक जीवन जीउन र सृजनशील भूमिका निभाउन सक्छ भनी व्याख्या गर्यो । यसैगरी, जुछे विचारधाराले मान्छेको समष्टिवाद माग सम्बन्धमा नयाँ ढङ्गले प्रकाश पार्यो ।

मान्छेको निम्ति सार्थक जीवन भनेको सामाजिक समष्टिवादको निम्ति जीउनु हो । सामाजिक समष्टिवादको सदस्य मान्छेले आफ्नो जिम्मेवारी निर्वाह गरेर समष्टिवाद प्रेम र विश्वासको आनन्द प्राप्त गर्न र समष्टिवादले सुम्पेको भूमिकालाई निभाउन सक्षम हुनेछ । समष्टिवाद चाहनालाई कुण्ठित पार्ने र सामाजिक समष्टिवादलाई बेवास्ता गर्दै व्यक्तिगत सुख-सुविधा खोज्न लोभलालचको प्रदर्शन त वास्तवमा पशुहरूको कार्यभन्दा फरक छैन ।

समष्टिवाद समाजको एक सदस्यको हैसियतले सार्थक जीवनलाई अघि बढाउन मान्छेको आवश्यकता हो । समष्टिवाद त सामाजिक शक्तिलाई सुदृढ पार्नलाई चाहिने एउटा मूलभूत आवश्यकता हो । सामाजिक गतिको प्रेरक शक्ति जन-समुदायको सामर्थ्य त आफ्नो समष्टिवादलाई के कसरी कार्यान्वयन गर्छ त्यसमा भर पर्छ । जन-समुदायहरू एकताबद्ध नभएसम्म क्रान्तिको प्रेरक शक्तिको रूपमा आफ्नो सामर्थ्यलाई कार्यान्वयन गर्न सक्दैन । एक व्यक्ति समूहको सदस्य हुनसक्छ, तर सामाजिक गतिलाई उत्प्रेरित गर्ने र त्यसलाई अघि बढाउने क्रान्तिको प्रेरक शक्ति बन्न सक्दैन । व्यक्तिगत आधार नभइकन सामूहिक प्रयत्नबाट नै मान्छेले सफलतापूर्वक प्रकृक्ति र समाजलाई रूपान्तरण गर्न र पूर्ण रूपले स्वाधीनता प्राप्त गर्नसक्छ । सामाजिक गतिको शक्तिशाली प्रेरक शक्ति भनेको समष्टिवादमा एकताबद्ध भएको जन-समुदाय नै हो ।

विगतमा विदेशी आक्रमणकारीहरू र शोषक वर्गविरूद्धको सङ्घर्षमा जनताले सामूहिक प्रतिरोधको भावना प्रदर्शन गरेका थिए । तिनीहरूले सामूहिक प्रयासबाटै आफ्नो कष्टसाध्य जीवनस्तरलाई माथि उकास्ने राम्रो लक्षणलाई पनि देखाइदिए । यदि यसो नभएमा निजी स्वामित्वमा आधारित शोषणयुक्त समाजमा एउटा सामाजिक विचारधाराको रूपमा समाजवाद लोकप्रिय हुन सक्दैनथ्यो । खासमा भन्नुपर्दा, प्रतिक्रियावादी शासकवर्ग जनताको एकतादेखि डराएर जनसमुदाय माझ समष्टिवादलाई प्रदर्शन गर्न नदिन त्यसलाई नियन्त्रण गरे र त्यसको सट्टा व्यक्तिवादलाई प्रश्रय दिए ।

सामाजिक प्राणी मान्छेको मूलभूत मागअनुरूपको समष्टिवाद इतिहासको विभिन्न कालखण्डमा एकपछि अर्को देखापरेको मजदुरवर्गको एउटा विचारधारा भयो । समाजवाद समष्टिवादमा आधारित समाज हो र समाजवादले पुँजीवादमाथि आधारभूत रूपले श्रेष्ठता प्राप्त गरेको छ । समाजवादलाई स्वाभाविक रूपले समिष्टवादको दिशातर्फ विकसित गरिनुपर्छ । त्यसो भएमा मात्र जनसमुदायको सिर्जनशील क्षमता पूर्ण रूपले खेल्न दिन सकिन्छ र जनसमुदायको स्वाधीनतालाई पूर्ण रूपले प्राप्त गर्न सकिन्छ । व्यावहारिक अभ्यासले के देखाएको छ भने समाजवादी समाजको मूलभूत मागसँग मेल खाने समष्टिवादलाई बलियो बनाइँदैन । यदि यसको सट्टा व्यक्तिवादलाई बढावा दिइन्छ भने समाजवादको विकासलाई कुण्ठित पार्ने भयावह परिणाम निम्तिने छ ।

समाजवादी समाज समष्टिवादमा आधारित हुन्छ भन्नुको तात्पर्य व्यक्तिहरूको चाहनालाई बेवास्ता गरिन्छ भन्ने होइन । समाजवादी समाजमा सामूहिक चाहनाको साथसाथै व्यक्तिको चाहनालाई पनि उत्तिकै महत्त्व दिइन्छ । सामूहिक चाहना व्यक्ति-व्यक्तिको चाहनासँग एकाकार भएको हुन्छ । समष्टिवादले व्यक्ति-व्यक्तिको चाहनालाई विरोध गर्दैन, तर व्यक्तिको चाहना खातिर सामूहिक चाहनाको उल्लङ्घनको विरोधी हो । समष्टिवादले सामूहिक चाहनालाई प्राथमिकता दिनुपर्ने हुन्छ । जुछे विचारधारालाई उपयोग गर्दै मान्छेलाई सबैभन्दा मूल्यवान प्राणीको रूपमा लिने राम्रो समाजवादले सामूहिक र व्यक्ति दुवैको चाहनालाई आदर गर्छ र प्रत्येकलाई उत्कृष्ट लाभहरू प्रदान गर्दछ ।

समष्टिवादको सबैभन्दा आदर्शमय उचाइ सामाजिक-राजनैतिक संयन्त्रमा रहेको हुन्छ । सामाजिक-राजनीतिक संयन्त्र भनेको नेता, पार्टी र जन-समुदायबिचको सुदृढ एकता हो । यसमा एकमनको एकता, विचारधारा, उद्देश्य, नैतिकता र पार्टी कर्तव्य अनि सामाजिक समष्टिवादलाई प्रतिबिम्बित गर्ने नेतासँग जन-समुदायको एकतालाई केन्द्रमा राखेर त्यसैको आधारमा समष्टिवादलाई अघि बढाइन्छ । हाम्रो देशका सम्पूर्ण श्रमिक जनता जुछे विचारधाराबाट दृढ रूपले सुसज्जित छन् र पार्टी, नेता, देश र जनताप्रति स्वेच्छाले समर्पित छन् । समाजका सबै सदस्यहरू दृढरूपले जुछे विचारधाराबाट सुसज्जित हुनु र एकले अर्कोलाई मद्दत र उत्प्रेरित गर्दै पूर्ण सन्तोषका साथ स्वाधीन र सिर्जनशील जीवनयापन गरिरहनु नै वास्तवमा समाजवादको एउटा ठुलो उपलब्धि हो किनभने कोरियाली जनता पार्टी र नेताको वरिपरि एकमनले एकताबद्ध छन् ।

यी सबै तथ्यहरूले स्पष्ट रूपले के देखाउँछन् भने जुछे विचारधाराको आधारमा समाजवादको निर्माणमा मात्र मान्छेको मूलभूत मागसँग मेल खाने सबैभन्दा लाभदायक समाजवादको विकास गर्न सकिन्छ ।

महान् नेताद्वारा प्रतिपादित क्रान्तिकारी सिद्धान्त नै समाजवादको पूर्णता प्राप्त गरेको क्रान्तिकारी सिद्धान्त हो ।

मार्क्सवाद-लेनिनवादमा विश्व-दृष्टिकोणको साथसाथै समाजवाद र साम्यवादको सिद्धान्तमा पनि सीमाहरू रहेका छन् । मानवताको सबैभन्दा आदर्शमय समाजको रूपमा रहेको कम्युनिस्ट समाज कस्तो हुन्छ भन्ने सम्बन्धमा सुस्पष्ट गर्ने काम सजिलो छैन । अझ, पुँजीवादी समाजमा बसेर भविष्यवाणी र अनुमानको आधारमा साम्यवादका विभिन्न पक्षहरूको सीमाभन्दा बाहिर जान निकै गाह्रो कार्य थियो किनभने कुनै पनि देशले व्यावहारिक समस्याको रूपमा समाजवाद र साम्यवादको निर्माणलाई साकार पार्न सकेको थिएन । पुँजीवादी समाजमा बसेर मार्क्सले पुँजीवादको अन्तरविरोधहरूको विश्लेषण गर्नुभयो र यसैको आधारमा पुँजीवादको पतन र समाजवादको रूपान्तरणको अनिवार्यतालाई र अविश्यम्भावितालाई प्रमाणित गरेर देखाइदिनुभयो र पुँजीवादलाई फाल्ने क्रान्तिकारी सिद्धान्तलाई अघि बढाउनुभयो । पुँजीवाद एकाधिकारको चरणमा पुगेपछि लेनिनले साम्राज्यवादको सङ्कट र अन्तरविरोधको विश्लेषण गर्नुभयो । यसैको आधारमा उहाँले कुनै एउटा देशमा समाजवादको विजय हुने सम्भावनाको व्याख्या गर्नुभयो र समाजवादी व्यवस्था स्थापना गर्ने सिद्धान्तलाई अघि बढाउनुभयो । त्यसो भए तापनि त्यसबेलाका सीमाहरूको कारणले गर्दा मार्क्सवाद-लेनिनवादका संस्थापकहरू समाजवाद र साम्यवादको पूर्ण सिद्धान्तको व्याख्या गर्न सफल हुनुभएन । उहाँहरूको निम्ति तत्कालै व्यावहारिक विषयको रूपमा समाजवाद र साम्यवादको सिद्धान्तलाई पूर्णता प्रदान गर्ने अवस्था नै थिएन । त्यसो गर्न उहाँहरूसँग व्यावहारिक अनुभव पनि थिएन । संसारमा सबैभन्दा पहिले विभिन्न अनुभवलाई सामान्यीकरण गर्नुभई लेनिनको सर्वहारा क्रान्तिको सङ्गठन र अगुवाइ गर्नुभयो र मार्क्सवादलाई विकास गर्नुभयो । त्यसो भए तापनि, समाजवाद र साम्यवादको पूर्ण सिद्धान्तलाई अघि बढाउन उहाँको अनुभव निकै कम थियो ।

मार्क्सवाद-लेनिनवादका संस्थापकहरू सक्रिय रहनुभएका दिन र आजका दिनहरू बिचको स्थिति मूलभूत रूपमै फरक भइसकेका छन् । केही देशहरूले समाजवादी क्रान्तिलाई अघि बढाउनुको साथसाथै समाजवादी निर्माणको परिचालन र विभिन्न अनुभवहरू बटुलेका छन् । केही देशहरूमा समाजवाद निर्माणको सिलसिलामा सफलताका अनुभवहरूसँगै असफलताका पाठहरू अन्तरसम्बन्धित छन्, त्यसमा उत्कृष्ट उपलब्धिहरूसँगै गल्तीहरू पनि रहेका छन् । विश्लेषण, निचोड र सामान्यीकरण गरिएका यी तमाम अनुभव र पाठहरू नै साम्यवादसम्बन्धी क्रान्तिकारी सिद्धान्तको पूर्णताको आधार हो ।

तहगत विकास र परिपक्वताको आधारमा समाजवाद र साम्यवाद एक अर्कोबाट फरक छन्, यद्यपि, साझा राजनीतिक-आर्थिक र विचारधारात्मक जगमा अडेको त्यस्तै खालका समाज हुन् । तल्लो चरणको साम्यवादको रूपमा रहेको समाजवादको आफ्नो प्रारम्भिक स्वरूपको रूपमा कम्युनिस्ट चरित्र रहेको हुन्छ । तसर्थ, समाजवादको अझ विकास र पूर्णताको सिलसिला भनेको छिट्टै नै साम्यवाद निर्माणको सिलसिला हो । हामी के भन्न सक्छौँ भने समाजवाद निर्माणका क्रममा प्राप्त व्यावहारिक अनुभवलाई सामान्यीकरण गरेर साम्यवादको क्रान्तिकारी सिद्धान्तलाई पूर्णता दिन आज परिस्थिति परिपक्व भइसकेको छ ।

महान् नेताले जुछेमुखी क्रान्तिकारी सिद्धान्त र नेतृत्व विधिको व्याख्या गर्नुभएको हाम्रो यस युगमा साम्यवादको क्रान्तिकारी सिद्धान्तलाई पूर्णता दिने ऐतिहासिक अभिभारा सगौरव पूरा भयो ।

जुछे विचारधारालाई उपयोग गर्नुभई उहाँले प्रतिपादन गर्नुभएको साम्यवादको क्रान्तिकारी सिद्धान्त, श्रमिकवर्गलाई केन्द्रमा राखेर विकास गरिएको तिनीहरूकै भूमिकामा आधारित क्रान्तिकारी सिद्धान्त, क्रान्तिकारी रणनीति र तौरतरिका हुन् । जुछे विचारधारा नै राष्ट्रिय मुक्ति, वर्ग उन्मूलन र मान्छेको स्वतन्त्रताको सिद्धान्त अनि समाज, प्रकृति र मानव रूपान्तरणको सिद्धान्तलाई विस्तृत रूपले व्याख्या गर्ने साम्यवादको पूर्ण रूपको (परिष्कृत) क्रान्तिकारी सिद्धान्त हो ।

महान् नेताद्वारा प्रतिपादित जुछेको क्रान्तिकारी सिद्धान्तको फलस्वरूप सिर्जनशील तरिकाबाट साम्राज्यवादविरोधी राष्ट्रिय मुक्तिको सिद्धान्त, सामन्तवादविरोधी प्रजातान्त्रिक क्रान्ति र समाजवादी क्रान्तिका सिद्धान्तहरू व्यवस्थित गरिए । समाजवाद र साम्यवाद निर्माणका सिद्धान्तहरूको विस्तृत रूपले व्याख्या गर्नुभयो । समाजवाद र साम्यवाद निर्माणको मार्क्सवादी र लेनिनवादी सिद्धान्तलाई अवसरवादीहरूले गम्भीर अन्यौलको स्थितिमा पुर्याइदिए । परिणामस्वरूप केही समाजवादी देशहरूमा समाजवादी निर्माण र समाजवादले गम्भीर कष्ट र अस्थायी हारहरू खेप्नुपर्यो । एउटा सही आवश्यकताको रूपमा समयको अन्तरालमा देखापरेको यो सैद्धान्तिक समस्याको समाधान त महान् नेताको योगदानबाट समाधान गर्न सकिन्थ्यो । उहाँबाट प्रतिपादित समाजवाद र साम्यवाद निर्माणको क्रान्तिकारी सिद्धान्तले कम्युनिस्ट समाजको दृष्टिकोण, समाजवादको कानुनी मार्ग, राजनीतिक उद्देश्य र कार्य दिशा विस्तृत रूपले व्याख्या गरियो । यसमा क्रान्ति र निर्माणका सबै क्षेत्रहरूको लागि आवश्यक सङ्घर्ष र विशिष्ट विधिका नीतिहरू रहेका छन् ।

***(१९९० मे ३० को दिन कोरियाली मजदुर पार्टीको केन्द्रीय समितिका विशिष्ट अधिकारीहरूको भेलामा प्रस्तुत प्रवचन)***



रमादान पर्वको सङ्घारमा प्यालेस्टिनको गाजा सहरमा इजरायली हमलाले क्षतिग्रस्त भएको एक भवनमा रहेको बजारमा किनमेल गर्दै फेब्रुअरी १६, २०२६ का दिन ।
*तस्बिर : रिजेक अब्देलजवाद/सिन्ह्वा*

# जेनेभामा अमेरिका र इरानबिच आणविक संवाद पुनः सुरु

जेनेभा, ५ फागुन (एपी) । मध्यपूर्वमा सैन्य गतिविधि तीव्र बन्दै गइरहेका बेला संयुक्त राज्य अमेरिका र इरानले जेनेभामा आफ्नो आणविक कार्यक्रमसम्बन्धी दोस्रो चरणको वार्ता सुरु गर्ने सहमति जनाएका छन् । दुवै देशबिचको तनावपूर्ण सम्बन्धकाबिच कूटनीतिक संवाद पुनः अगाडि बढ्नुलाई महत्त्वपूर्ण सङ्केतका रूपमा हेरिएको छ ।

दुवै पक्षबिच पहिलो चरणको अप्रत्यक्ष वार्ता फेब्रुअरी ६ मा ओमानमा भएको थियो । त्यहाँ वार्ता अलग-अलग रूपमा सञ्चालन गरिएको थियो । दोस्रो चरणको बैठक जेनेभामा हुने भए पनि यसको स्वरूपबारे स्पष्ट विवरण सार्वजनिक गरिएको छैन ।

ट्रम्पका दूत स्टिभ विटकफ र जारेड कुसनर वार्ताका लागि यात्रा गरिरहनुभएको छ ।

इरानी विदेशमन्त्री अब्बास अराघचीले जेनेभामा संयुक्त राष्ट्रसङ्घको आणविक निगरानी निकायका प्रमुखसँग भेट गर्नुभएको छ । उहाँले निष्पक्ष र न्यायसङ्गत सम्झौता खोज्न आफू तयार रहेको उल्लेख गर्दै धम्कीका आधारमा आत्मसमर्पण स्वीकार्य नहुने स्पष्ट पार्नुभएको छ । ओमानका विदेशमन्त्री बद्र अल-बुसाइदीले क्षेत्रीय शान्ति र संयमको आवश्यकता औँल्याउँदै मध्यस्थ भूमिकालाई निरन्तरता दिने सङ्केत गर्नुभएको छ ।

यसैबिच, वार्तासँगै सैन्य गतिविधि पनि बढेको छ । इरानको अर्धसैनिक क्रान्तिकारी गार्डले होर्मुज जलडमरू, पर्सियन खाडी र ओमानको खाडी क्षेत्रमा नौसैनिक अभ्यास सुरु गरेको जनाएको छ । ती जलमार्गहरू विश्व व्यापारका दृष्टिले महत्त्वपूर्ण मानिन्छन्, जहाँबाट विश्वको करिब २० प्रतिशत तेल आपूर्ति हुने गर्छ । केही सुरक्षा समूहहरूले उत्तरी लेनमा लाइभ-फायर अभ्यास हुन सक्ने चेतावनी दिएका छन्, यद्यपि इरानी सरकारी सञ्चारमाध्यमले त्यसको पुष्टि गरेका छैनन् ।

अमेरिकाले पनि आफ्नो सैन्य उपस्थिति सुदृढ गरेको छ । युएसएस जेराल्ड आर फोर्ड विमानवाहक पोतलाई मध्यपूर्व पठाइएको छ । त्यहाँ युएसएस अब्राहम लिङ्कनसहित अन्य युद्धपोतहरू पहिले नै तैनाथ छन् । अमेरिकी सेनाले हालै एक इरानी ड्रोन खसालेको जनाएको छ, जुन लिङ्कन नजिक पुगेको थियो । इजरायल-हमास युद्धले प्रभावित खाडी क्षेत्रका राष्ट्रहरूले थप द्वन्द्व क्षेत्रीय सङ्कटमा परिणत हुन सक्ने चेतावनी दिएका छन् ।

वार्ताको अर्को मुख्य विषय अन्तर्राष्ट्रिय प्रतिबन्धहरू रहने देखिएको छ । ट्रम्प प्रशासनले इरानको आणविक कार्यक्रम सीमित गर्ने र हतियार विकास रोक्ने सम्झौता खोजिरहेको जनाएको छ । इरानले भने आफू आणविक हतियारको खोजीमा नरहेको दोहोर्‍याउँदै प्रतिबन्धहरू कम गर्नुपर्ने अडान राखेको छ । उपविदेशमन्त्री माजिद तख्त-राभान्चीले अमेरिका निष्कपट भए सम्झौताको बाटो खुल्न सक्ने बताउनुभएको छ ।

इजरायलले गत जुनमा इरानमाथि १२ दिन लामो आक्रमण सुरु गरेपछि वार्ताको प्रक्रिया अवरुद्ध भएको थियो । त्यस क्रममा अमेरिकी सेनाले पनि इरानी आणविक केन्द्रहरूमा आक्रमण गरेको थियो । इरानले आफ्नो कार्यक्रम शान्तिपूर्ण प्रयोजनका लागि मात्र भएको दाबी गर्दै आएको छ । युद्धअघि इरानले ६० प्रतिशत शुद्धतासम्म युरेनियम संवर्धन गरिरहेको जनाएको थियो, जुन हतियारस्तरभन्दा केही तलको अवस्था मानिन्छ ।

तनाव र संवाद सँगसँगै अघि बढिरहेका बेला जेनेभाको दोस्रो चरणको वार्ताले भविष्यको दिशा निर्धारण गर्ने अपेक्षा गरिएको छ ।

# खैबर पख्तुनख्वामा घातक विस्फोट

पेसावर (पाकिस्तान), ५ फागुन (एएफपी) । उत्तरपश्चिम पाकिस्तानको खैबर पख्तुनख्वा प्रान्त सोमबार हिंसात्मक घटनाले पुनः रक्तरञ्जित बनेको छ । दुई बम आक्रमण र सुरक्षाकर्मी तथा आतङ्ककारीबीचको गोली हानाहानमा कम्तीमा १४ सुरक्षाकर्मी र एक बालिकासहित तीन सर्वसाधारणको मृत्यु भएको अधिकारीहरूले जानकारी दिएका छन् । दर्जनौँ व्यक्ति घाइते भएका छन् ।

अफगानिस्तान सीमावर्ती क्षेत्रहरूमा विद्रोह नियन्त्रण अभियान तीव्र पारिरहेका बेला यी छुट्टाछुट्टै आक्रमण भएका हुन् । यसै महिना इस्लामिक स्टेट समूहले इस्लामाबादस्थित एक शिया मस्जिदमा भएको आत्मघाती विस्फोटको जिम्मेवारी लिँदै ३१ जनाको ज्यान गएको र १६९ जना घाइते भएको दाबी गरेको थियो ।

सेनाको विज्ञप्तिअनुसार बाजौर जिल्लामा सुरक्षाचौकी नजिकै विस्फोटकले भरिएको गाडी ठोक्काइँदा ११ सुरक्षाकर्मी र एक बालिकाको ज्यान गएको छ । विस्फोटबाट आसपासका आवासीय भवनमा गम्भीर क्षति पुगेको र सात जना घाइते भएको जनाइएको छ । सेनाले उक्त घटनालाई ‘कायरतापूर्ण आतङ्कवादी आक्रमण’ भन्दै यसको दोष ‘भारतीय प्रोक्सी’ समूहलाई दिएको छ । घटनास्थलबाट भाग्दै गरेका एक दर्जन आतङ्ककारी मारिएको दाबी पनि गरिएको छ । नाम नखुलाउने सर्तमा एक सुरक्षा अधिकारीले विस्फोटक बोकेको गाडी धार्मिक कलेजको पर्खालमा ठोक्किएको बताए ।

बन्नु सहरको मिर्यान प्रहरी चौकीमा भएको अर्को विस्फोटमा रिक्शामा राखिएको बम पड्किँदा दुई सर्वसाधारणको मृत्यु भएको र १७ जना घाइते भएको अधिकारीहरूले बताएका छन् ।

यसै प्रान्तको साङ्ला जिल्लामा खोजी अभियानका क्रममा तीन प्रहरी र तीन आतङ्ककारी मारिएका छन् । खैबर पख्तुनख्वा प्रहरीका अनुसार मारिएका आतङ्ककारीहरू चिनियाँ नागरिकलाई लक्षित आक्रमणमा संलग्न थिए ।

पछिल्ला वर्षहरूमा पाकिस्तानमा चिनियाँ लगानी तीव्र रूपमा बढेको छ । विशेष गरी चीन-पाकिस्तान आर्थिक कोरिडोर (सिपिइसी) अन्तर्गतका पूर्वाधार, ऊर्जा र यातायात परियोजनामा लगानी बढेको छ । तर ती परियोजनालाई लक्षित गर्दै चिनियाँ नागरिकमाथि पटक-पटक आक्रमण हुँदै आएका छन् । गत वर्ष मार्चमा एक बाँध निर्माण स्थलमा काम गरिरहेका पाँच चिनियाँ नागरिक र उनीहरूका चालक आत्मघाती आक्रमणमा मारिएका थिए, जसमा उनीहरूको गाडी काराकोरम राजमार्गबाट गहिरो खोँचमा खसेको थियो ।

बेइजिङ इस्लामाबादको प्रमुख क्षेत्रीय साझेदारका रूपमा रहँदै आएको छ र आर्थिक सहयोगमार्फत सम्बन्ध सुदृढ बनाइरहेको छ । तर सुरक्षा चुनौती कायम रहेकाले रणनीतिक सडक कोरिडोर र चिनियाँ परियोजनाहरूको सुरक्षालाई उच्च प्राथमिकतामा राखिएको प्रहरी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# चीन-युरोप रेल ‘चीन-च्यानल’ को यातायात सङ्ख्या ५०० ट्रेन

पेइचिङ, १७ फेब्रुअरी (सीआरआई) । फेब्रुअरी १७ का दिनमा चिनियाँ परम्परागत नयाँ वर्षको पहिलो दिन बिहानीपख, सामानले भरिएको चीन-युरोप रेलमार्गको एक ट्रेन भित्री मङ्गोलियाको एर्लियनहोट रेलवे सिमाना पोइन्टबाट प्रस्थान गरेको छ र यो पोइन्टबाट चिनियाँ नयाँ वर्ष अर्थात् घोडा वर्षमा पठाइएको पहिलो चीन-युरोप रेलमार्गको ट्रेन हो । जसले यस वर्षको चीन-युरोप रेल ‘चीन-च्यानल’ को यातायात सङ्ख्या ५०० ट्रेन भन्ने नयाँ रेकर्ड सिर्जना गरेको सङ्केत गर्दछ ।

एर्लियनहोट रेलवे सीमा पोइन्ट चीन-युरोप रेलमार्ग ‘चीन-च्यानल’ को मात्र आवागमन स्थान हो । हालसम्म, यहाँबाट सञ्चालित चीन-युरोप रेलवेका रुटहरू ७५ वटा पुगेका छन्, जसले १० भन्दा बढी देशका ७० भन्दा बढी सहरहरूमा पुगिन्छ ।

## विश्व सङ्क्षेप

### न्युजिल्यान्डमा बाढीका कारण एक जनाको मृत्यु, हजारौँ बिजुलीविहीन

वेलिङ्टन(न्युजल्याड), ५ फागुन (एएफपी) । पछिल्लो समयमा भारी वर्षा र तीव्र हावाको साथ न्युजिल्यान्डमा आएको बाढीका कारण एक जनाको मृत्यु हुनुका साथै धेरै समुदायहरू बिजुली बिहिन भएको अधिकारीहरूले बताएका छन् ।

गत शुक्रबार देखि आएको गम्भीर आँधीले उत्तरी टापुमा आपत्कालीन अवस्था निम्त्याएको जनाउदैँ वाइकाटो क्षेत्रीय परिषद्ले एक सय वर्षको अवधिमा वर्षाले असामान्य बाढी र आँधी ल्याएको जनाएको छ ।

उत्तर टापुको ओटोरोहाङ्गा नजिकै आएको बाढीमा एउटा कार फसेर एक व्यक्तिको मृत्यु भएको प्रहरीले जनाएको छ ।

मङ्गलबार साउथ आइल्यान्डको क्राइस्टचर्चतर्फ अघि बढ्नुअघि सोमबार राजधानी वेलिङ्गटनमा पुगेको आँधीले देशभर त्रास जारी राखेको जनाइएको छ ।

ऊर्जा अपरेटर पावरकोले मङ्गलबार तल्लो नर्थ आइल्यान्डमा करिब १० हजार घर-परिवार बिजुली विहीन भएको बताउनुभएको छ, भने अर्को बिजुली कम्पनी ओरियनले क्राइस्टचर्च बाहिर ब्याङ्क प्राय:द्वीपमा २०० भन्दा बढी घरपरिवार बिजुलीविहीन भएको जनाएको छ ।

वेलिंग्टन नजिकै, वैरारापा टाउनसिप लेक फेरी सहरमा पुग्ने सडक बाढीले बगाएपछि आवतजावत बन्द भएको जनाएको छ ।

क्राइस्टचर्च बाहिरको अकारोआ सहर पनि मङ्गलबार बाढीको कारण क्षतिग्रस्त भएको न्युजिल्यान्ड यातायात विभागले जनाएको छ ।

राष्ट्रिय मौसम विज्ञान विभाग मेटसर्विसले सोमबार वेलिङ्गटनमा आएको हावा सन् २०१३ पछिको सबैभन्दा शक्तिशाली हावा भएको बताएको छ ।

सहरमा आएको हावाको गती १९३ किलोमिटर प्रतिघण्टाको रेकर्ड गरिएको मेटसर्विसले जनाएको छ ।

### उत्तर-पश्चिम पाकिस्तानको चेकपोस्टमा भएको आक्रमणमा सुरक्षाकर्मीसहित २३ जनाको मृत्यु

इस्लामावाद, १७ फेब्रुअरी (सिन्ह्वा) । पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तको सुरक्षा चेक पेस्टमा भएको आतङ्कवादी आक्रमणमा कम्तीमा ११ जना सुरक्षाकर्मी र १२ जना आतङ्कवादीको मृत्यु भएको सेनाले मङ्गलबार जनाएको छ ।

आतङ्ककारीहरूले बाजौर जिल्लामा सुरक्षा बल र कानुन प्रवर्तन एजेन्सीहरूको संयुक्त चेकपोस्टमा आक्रमण गर्ने प्रयास गरेको पाकिस्तानी सेनाको मिडिया शाखा इन्टर-सर्भिस पब्लिक रिलेसन्स (आईएसपिआर) ले विज्ञप्तिमार्फत जनाएको छ ।

आक्रमणकारीहरूले चेकपोस्टको सुरक्षा उल्लङ्घन गर्ने प्रयास गरेता पनि सुरक्षाकर्मीहरूले द्रुत र प्रभावकारी रूपमा गरेको जवाफी कारबाहीमा १२ जना आतङ्ककारीको मृत्यु भएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

आक्रमणपछि विस्फोटक पदार्थले भरिएको गाडी चेकपोस्टको पर्खालमा ठोक्किएर शक्तिशाली विस्फोट हुँदा चेकपोष्टको केही भाग क्षेतिग्रस्त भएको आईएसपिआरले जनाएको छ । विष्फोटको कारण ११ जना सुरक्षाकर्मीको मृत्यु भएको जनाउँदै नजिकैको आवासीय भवनहरू पनि क्षतिग्रस्त हुँदा एक जना महिलाको मृत्यु हुनुका साथै अन्य सात जना सर्वसाधारण घाइते भएको जनाइएको छ ।

सुरक्षा बलले बाँकी आतङ्ककारीहरूलाई नष्ट गर्ने अभियान सुरु गरेको आईएसपिआरले जनाएको छ ।

# चार वर्षपछि शान्ति प्रयास पुनः सक्रिय

जेनेभा, १७ फेब्रुअरी (एपी) । रुसले युक्रेनमाथि पूर्ण आक्रमण थालेको करिब चार वर्ष पुग्न लाग्दा मस्को र किएभका प्रतिनिधिमण्डलहरू अमेरिकी पहलमा पुनः वार्ताको टेबलमा फर्किएका छन् । युद्धको चौथो वार्षिकोत्सवभन्दा एक साताअघि जेनेभामा सुरु हुन लागेको यो चरणलाई द्वन्द्वको सम्भावित मोडबिन्दुका रूपमा हेरिएको छ । यद्यपि, दुवै पक्षका अडान कठोर नै छन् ।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले आफ्नो प्रतिनिधिमण्डल स्विट्जरल्यान्ड आइपुगेको जानकारी दिएका छन् भने रुसी राज्य समाचार एजेन्सी तासले पनि रुसी टोली पुगेको जनाएको छ । दुई दिनसम्म चल्ने वार्ता बुधबारदेखि औपचारिक रूपमा सुरु हुने अपेक्षा गरिएको छ ।

वार्तामा सबैभन्दा जटिल मुद्दा रूसी नियन्त्रणमा रहेका करिब २० प्रतिशत युक्रेनी भूभागको भविष्य रहने बताइएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका दूत स्टिभ विटकफ र जारेड कुशनर प्रतिनिधिमण्डलहरूसँग छलफलमा बस्ने तयारीमा छन् । संवेदनशीलताका कारण नाम नखुलाउने सर्तमा एपीसँग कुरा गरेका एक स्रोतका अनुसार डोनबास क्षेत्रबारे ‘कठिन’ बहस हुने सम्भावना छ, किनकि मस्कोले अझै पनि किएभलाई पूर्वी क्षेत्रको नियन्त्रण त्याग्न दबाब दिइरहेको छ ।

जेनेभामा सैन्य तहको समानान्तर छलफल पनि हुने भएको छ । अमेरिकी, रुसी र युक्रेनी सैन्य प्रमुखहरूले सम्भावित युद्धविरामको अनुगमन संयन्त्र, असैन्यीकृत क्षेत्रको व्यवस्थापन र प्रत्यक्ष सैन्य सम्पर्क पुनःस्थापनाबारे विचार-विमर्श गर्नेछन् । यसअघि अबु धाबीमा भएको चरणमा यस्ता प्राविधिक विषयमा प्रारम्भिक छलफल भएको थियो ।


तर, यथार्थमा प्रगतिको सम्भावना सीमित देखिएको छ । संयुक्त राज्य अमेरिकाले जुनसम्म समाधानको समयसीमा सुझाए पनि दुवै पक्ष मूलभूत क्षेत्रीय मागमा पछि हट्न तयार देखिएका छैनन् । करिब एक हजार २५० किलोमिटर लामो मोर्चामा युक्रेनी सेना ठूलो रुसी बलसँग जुधिरहेको छ । जेलेन्स्कीका अनुसार रुसले हालै १२ क्षेत्रमा करिब ४०० लामो दूरीका ड्रोन र २९ मिसाइल प्रहार गरेको छ, जसमा बालबालिकासहित नौ जना घाइते भएका छन् । ओडिसा बन्दरगाह सहरमा हजारौँ बासिन्दा विद्युत् र पानी सेवाविहीन बनेका छन् ।

# कपर्निकस : सूर्यलाई धर्मग्रन्थको अँध्यारोबाट निकाल्ने खगोलशास्त्री

● अशोक पाण्डे

प्लेग महामारी (ब्ल्याक डेथ) ले युरोपको आधा जनसङ्ख्या नष्ट भयो। १४ औँ शताब्दीको यो दुखद अवधिपछि युरोपले अर्को तीन सय वर्ष आफ्नो पुन:निर्माण गर्यो। ग्रीक र रोमन सभ्यताको ज्ञान पुन: पत्ता लगाइयो। कला र विज्ञानप्रति त्यहाँका जनतामा चासो बढ्यो। शिक्षित मानिसहरूले 'मानिसको विचारको क्षमता असीमित छ र एउटै जीवनमा चाहेजति ज्ञान सङ्कलन गरेर सभ्यताको विकासमा ठुलो योगदान गर्न सकिन्छ' भन्ने सिद्धान्तको प्रचारप्रसार गरे। तीन सय वर्षको यो सुनौलो अन्तराललाई पुनर्जागरण भनियो।

पोल्याण्डका निकोलस कपर्निकसलाई प्राय: पुनर्जागरणको अगुवा विद्वान/वैज्ञानिकका रूपमा चिनिन्छ। गणितज्ञ र खगोलशास्त्री कपर्निकस चर्च कानुनका विद्वानसमेत थिए। उनी चिकित्सक, अनुवादक, चित्रकार, गभर्नर, कूटनीतिज्ञ र अर्थशास्त्री पनि थिए। उनीसँग कानुनमा डक्टरेट डिग्री थियो। उनी पोलिस, जर्मन, ल्याटिन, ग्रीक र इटालियन भाषाका विद्वान थिए। कपर्निकस परिवारका चार दाजुभाइमध्ये



**निकोलस कपर्निकस**

कान्छो थिए। उनको जन्म सन् १४७३ फेब्रुअरी १९ मा तामा व्यापारीको परिवारमा भएको थियो। उनका आमाबुबा दुवैको मृत्यु हुँदा उनी दश वर्षका मात्र थिए। त्यसपछि उनको थप पालनपोषण मावलीले गरेका थिए।

**निकोलस कपर्निकस**

उनका मामा-माइजूले उनलाई क्राकाव विश्वविद्यालयमा अध्ययन गर्न पठाए। त्यहाँ उनले गणित, ग्रीक र इस्लामिक खगोलशास्त्रको अध्ययन गरे। त्यहाँबाट फर्किएपछि मामाले आफ्नो योग्य भान्जालाई थप अध्ययनका लागि इटाली पठाउने मन बनाए। त्यस समय यातायातका साधनहरू दुर्लभ थिए र दुई महिनाको पैदल यात्रापछि कपर्निकस इटाली पुगे। इटलीमा उनले ६ वर्षसम्म युरोपका दुईवटा सबैभन्दा पुराना र उत्कृष्ट विश्वविद्यालय - बोलोना र पाडुआमा अध्ययन गरे। त्यहाँ उनले आफ्ना शिक्षकहरूले कक्षामा सिकाउने सबै कुरामा निरन्तर प्रश्न सोध्न थाले। उनले ब्रह्माण्डको संरचनाको बारेमा एरिस्टोटल र टोलेमीका सिद्धान्तहरू गलत रहेको फेला पारे।

जब उनी सन् १५०३ मा आफ्नो घर फर्किए। उनी जम्मा तीस वर्षका थिए। कपर्निकसका काका पनि समाजमा राम्रो प्रभाव भएका व्यक्ति थिए। काकाको सिफारिसमा कपर्निकसले स्थानीय चर्चमा 'क्यानन' को रूपमा जागिर पाए। उक्त पेशामा नक्सा बनाउनुका साथै कर उठाउने र चर्चका किताबहरू समेत हेर्नुपर्थ्यो। यो एक आरामदायी काम थियो।

सन् १५१० मा उनका मामाको मृत्यु भयो। कपर्निकसले अब आफ्नो छुट्टै घर बनाए र आफ्नो खगोलीय अध्ययनको लागि टावरसमेत बनाए। त्यतिबेलासम्म टेलिस्कोपको आविष्कार भएको थिएन। काठ र धातुको पाइपको सहायताले उनी नक्षत्रहरूको गतिको अध्ययन गर्थे। यसैक्रममा सन् १५१४ मा उनले एक वैज्ञानिक रिपोर्ट लेखे र आफ्ना साथीहरूलाई बाँडे। भौतिकशास्त्रको इतिहासमा उक्त प्रतिवेदनलाई अचेल 'द लिटिल कमेन्ट्री' भनेर चिनिन्छ। सो प्रतिवेदनमा कपर्निकसले पहिलोपटक 'धर्मशास्त्रमा लेखिएजस्तो पृथ्वीको वरिपरि सूर्य घुम्ने होइन, पृथ्वी सूर्यको वरिपरि घुम्छ' भनी दाबी गरे। यो सिद्धान्तले एरिस्टोटल र टोलेमीका सिद्धान्तहरूको कमीममजोरी हट्थ्यो। यो प्रारम्भिक काम थियो। यस क्षेत्रमा अर्को दुई दशक गहन अध्ययन भयो।


सन् १५३२ सम्म कपर्निकसले आफ्नो सिद्धान्तलाई पाण्डुलिपिको रूप दिए। उनले जानाजानी यसको प्रकाशनमा ढिलाइ गरे किनभने उनले आशा गरेका थिए कि समय लम्बिँदै जाँदा उनी केही थप सामग्रीहरू जम्मा गर्न सक्षम हुनेछन्। यसबाहेक आफूले नयाँ वैज्ञानिक तथ्य बाहिर ल्याउँदा धर्मगुरुहरूले भगवानको नाममा ठुलो बबण्डर मच्चाउलान् भन्ने डर पनि थियो। केही वर्षपछि जर्मनीका एक प्रसिद्ध गणितज्ञ जर्ज रेटिकस उनीसँग काम गर्न पोल्याण्ड आए। जर्ज रेटिकसले उनको सहमतिमा परिमार्जित पाण्डुलिपिलाई न्युरेम्बर्ग सहर लगे। त्यहाँ योहान पेट्रियस नामक मुद्रकले यस पाण्डुलिपीलाई 'अन द रेभोलुसन अफ हेभन्ली स्फियर्स' नामक क्रान्तिकारी पुस्तकको आकार दिँदा कपर्निकस अठ्सठ्ठी वर्षका थिए।

पुस्तकको सुरुमा कपर्निकसले ब्रह्माण्डको आकारबारे एउटा रेखाचित्रमार्फत बताए। यसमा सूर्यलाई केन्द्रमा राखेर परिक्रमा गर्ने सबै ग्रहलाई यसको वरिपरि देखाइएको थियो। जटिल गणनापछि उनले ती प्रत्येक ग्रहले सूर्यको एक पटक परिक्रमा गर्न कति समय लगाउँछन् भनेर समेत पत्ता लगाए। आजको उन्नत खगोल विज्ञान र प्रविधिको सहायताले ग्रहहरूले सूर्यलाई परिक्रमा गर्न लाग्ने समय जति निक्लिएको छ, कपर्निकसको गणना पनि आश्चर्यजनक रूपमा यिनै गणनाको धेरै नजिक छ।

पुस्तक प्रकाशित भएर आइसकेको थिएन। उतिखेर लामो समयदेखि बिरामी परेका कपर्निकस बेहोस अवस्थामा थिए। भनिन्छ, जब किताबको पहिलो प्रतिलिपि उनलाई दिइयो, बेहोसजस्तै अवस्थामा रहेका उनी उठेर बसेका थिए र लामो समयसम्म किताबलाई आँखा चिम्लिएर समातेका थिए। त्यसको केही दिनपछि उनको मृत्यु भयो। दु:खको कुरा, कपर्निकसले आफ्नो महान् क्रान्तिकारी सिर्जनाले 'पुजारी र धर्मगुरुहरूले बनाएको संसार' लाई कसरी धक्का दियो भनेर हेर्न पाएनन्।

कपर्निकसको पुस्तक छापिएर बजारमा आएपछि धर्मका व्यापारीहरूलाई हावाकावा खेलाएको थियो। त्यसपछि चर्चको आधिकारिक बयान आयो। त्यसमा कपर्निकसको पुस्तकलाई 'झूटो र पवित्र धर्मशास्त्रको विरोधी' भनेर वर्णन गरियो। त्यसको करिब ६० वर्षपछि इटालीका विज्ञान प्रचारक ब्रुनोलाई 'कपर्निकसको सिद्धान्त' प्रचारप्रसार गरेको कारण देखाउँदै जिउँदै जलाउने सजाय सुनाइयो। सोही 'अपराध' का लागि ग्यालिलियोलाई जिउँदै जलाइएको त थिएन, तर ग्यालिलियोको सम्पूर्ण जीवन अपमानै अपमानले भरिएको थियो।

आज मानिसले मङ्गल ग्रहमा घर बनाउने कल्पना गर्दैगर्दा हामीले कपर्निकसलाई सम्झनुपर्छ। पूरै खगोल विज्ञानको अध्ययनमा ती सन्तले ४०-५० वर्षको साधना गरेका थिए। कपर्निकसको जीवनले देखाउँछ, सोध र सत्यको खोजी कहिल्यै असफल हुँदैन र सत्यको ज्योतिले शताब्दीयौंसम्म मानिसको बाटोमा ज्ञानको प्रकाश दिइरहन्छ। २४ मे १५४३ मा कपर्निकस बिते तर चर्चकै जागिर खाएर 'धर्मशास्त्र' को खण्डन गरेका ती सन्तको सिद्धान्त, बुझाइ तथा निचोड विश्वभरका प्रयोगशालाहरूमा बाँचिरहेको छ।




# विज्ञानको पक्षमा बोल्दा जिउँदै जलाइएका वैज्ञानिक जियोर्डानो ब्रुनो

● तुल्सीदास महर्जन

सोऱ्हौँ र सत्रौँ शताब्दीमा आफ्ना स्वतन्त्र तथा वैज्ञानिक विचार अभिव्यक्त गरेकै आधारमा इसाई धर्मका अधिकारीहरू अर्थात् पादरीहरूद्वारा सताइएका वैज्ञानिकहरूमा जियोर्डानो ब्रुनोको नाम अग्रस्थानमा आउँदछ।

त्यस समयमा युरोपको समाज इसाई परम्परा र इसाई दर्शन तथा विश्वासको जगमा चलेको थियो। पृथ्वी र विश्व ब्रह्माण्डको सम्बन्धमा इसाईहरूको विश्वास ईसापूर्व पाँचौँ शताब्दीको ग्रीसका महान् दार्शनिक प्लेटोले प्रतिपादन गरेको र पछि ईसापूर्व चौथो शताब्दीमा ग्रीसका अर्का दार्शनिक अरस्तु र ईसाको दोस्रो शताब्दीमा इजिप्टको अलेक्जेन्ड्रियामा गणितज्ञ टोलेमीले पूर्ण विकसित गरेको 'पृथ्वी केन्द्रित ब्रह्माण्ड' (geocentric universe) को सिद्धान्तमा थियो।

'पृथ्वी केन्द्रित ब्रह्माण्ड' को सिद्धान्तअनुसार, ब्रह्माण्डको केन्द्र पृथ्वी हो। अर्थात् ब्रह्माण्डमा पृथ्वी कुनै निश्चित स्थानमा स्थिर भएर बसेको छ। यसलाई सूर्यलगायत अन्य सबै ग्रह तथा नक्षत्र (तारा) हरूले निरन्तर परिक्रमा गरिरहेछन्।

त्यस सिद्धान्तअनुसार, ब्रह्माण्डको केन्द्र पृथ्वी भएको नाताले ब्रह्माण्डमा पृथ्वीजस्तो अर्को कुनै ग्रह अस्तित्वमा छैन। ब्रह्माण्डमा पृथ्वी नै एकमात्र हराभरा ग्रह हो र यो सर्वश्रेष्ठ छ।

तर सोऱ्हौँ शताब्दीको पाँचौँ दशकको सुरुमा आएर पोलिस खगोलविद् निकोलस कोपर्निकस (१४७३-१५४३)ले इसाईहरूको विश्वासको ठीकविपरीत 'सूर्य



केन्द्रित ब्रह्माण्ड (Heliocentric universe) को सिद्धान्त अगाडि ल्याए। त्यस सिद्धान्तलाई व्याख्या गरिएको कोपर्निकसको 'De revolutions orbium' (On the Revolutions of the Celestial Spheres) अर्थात् 'खगोलीय पिण्डहरूको परिक्रमणबारे' नामको किताब उनको मृत्यु भएको महिनामा प्रकाशित भएको थियो।

'सूर्य केन्द्रित ब्रह्माण्ड' को सिद्धान्तअनुसार ब्रह्माण्डको केन्द्र पहिले भनिएझैँ पृथ्वी नभई सूर्य हो। ब्रह्माण्डमा ग्रह, नक्षत्र सबैले पृथ्वीलाई होइन, सूर्यलाई परिक्रमा गर्छन्। पृथ्वी स्वयंले पनि सूर्यलाई वर्षको एकचोटि फन्को मार्छ।

कोपर्निकसको विचारले इसाई धर्मको आधिपत्य भएको युरोपको समाजमा ठुलो हलचल ल्याइदियो। तर, आफ्नो विचार बाहिर प्रकाशित हुँदासम्ममा कोपर्निकसको मृत्यु भइसकेकोले उनले इसाई पादरीहरूको अन्ध कोपभाजनको शिकार बन्नु परेन अर्थात् उनले कुनै ठुलो दण्ड भोग्नु परेन।

जियोर्डानो ब्रुनो आफैँमा खगोलविद् थिएनन्। तर, उनले कोपर्निकसको 'सूर्य केन्द्रित ब्रह्माण्ड' को सिद्धान्तलाई जनस्तरसम्म व्यापक रूपमा प्रचारप्रसार गर्न ठुलो भूमिका खेले। उनको त्यो भूमिकाले आधुनिक विज्ञानको ढोका खुल्न पुग्यो। वास्तवमा ब्रुनोको अभियान, विचारमा रहेको जडसूत्रवाद वा स्थिरतावादविरुद्धको सशक्त सङ्घर्ष थियो।

ब्रुनोले झन्डै २० वटा पुस्तकहरू लेखे। तिनीहरूमध्ये तीनवटा पुस्तकहरूमात्र खगोलविज्ञानसम्बन्धी थिए। ती हुन्; (क) On cause, Principle and Unity र (ग) On the Infinite Universe and Worlds विशेष मानिन्छ।

खगोलविज्ञानमा ब्रुनोले साहसका साथ जनस्तरसम्म ल्याएका विचारहरू दुईवटा हुन्। पहिलो, कोपर्निकसको 'सूर्य केन्द्रित ब्रह्माण्ड' को सिद्धान्त हो भने, अर्को अनन्त ब्रह्माण्ड एवं असङ्ख्या विश्वहरूको सिद्धान्त।

ब्रूनोले कोपर्निकसको 'सूर्य केन्द्रित ब्रह्माण्ड' को सिद्धान्तलाई आफ्नो किताब The Ash Wednesday Supper मा राम्रो तरिकाले व्याख्या गरेका छन्। त्यो किताब एउटा निजी भोजको कथा हो। त्यसमा ब्रुनोले आफ्ना केही अङ्ग्रेज पाहुनाहरूको बिचमा कोपर्निकसको सिद्धान्तबारे व्याख्या गर्दा तिनीहरू मरीमरी हाँसेको घटना उल्लेख गरिएको छ।

त्यस्तैगरी, ब्रुनोले आफ्नो अर्को किताब On cause, Principle and Unity मा 'यो सम्पूर्ण पृथ्वी, यो तारा प्रकृतिमा कहीं पनि नष्ट हुन असम्भव छ। किनकि, यिनीहरू समय समयमा आफैले आफ्ना सबै भागहरू परिवर्तन तथा मर्मत सम्भार गरेर नवीकरण गर्छन्' भन्ने विचार व्यक्त गरेका छन्। त्यस किताबमा उनले अरस्तुले सुझाएजस्तो निरपेक्ष (स्थिर वा अतुलनीय) माथि वा तल भन्ने कुरा कहीं छैन भनेका छन्। उनका अनुसार, अन्तरीक्षमा निरपेक्ष स्थिति (absolute position) भन्ने कुरा छैन। बरु कुनै वस्तुको स्थिति अन्य सम्बन्धित वस्तुहरूको सापेक्षतामा निर्धारित भएको हुन्छ। ब्रुनोका अनुसार ब्रह्माण्डभरि जहाँ कहीँ पनि स्थितिमा निरन्तर सापेक्ष परिवर्तन भइरहेको हुन्छ। तर, अबलोकनकर्ता भने जहिले पनि वस्तुहरूको केन्द्रमा नै रहेको हुन्छ।

तेस्रो किताब On On the Infinite Universe and Worlds मा ब्रुनोले ब्रह्माण्ड अनन्त छ भनेर तर्क प्रस्तुत गरेका छन्। उनका अनुसार अनन्त ब्रह्माण्डमा असङ्ख्य विश्वहरू छन् र ती सबैमा बुद्धिमान जीवहरूले बसोबास गरेका छन्।

ब्रह्माण्डको केन्द्र पृथ्वी नभएको र विश्व एउटा होइन, असङ्ख्य भएको भन्ने ब्रुनोको विचारबाट इसाई धर्मगुरुहरू साह्रै आत्तिए। किनकि त्यो विचार इसाई विश्वासको विपरित थियो। त्यसैले, उनीहरूले ब्रुनोलाई पक्रने र जिउँदै जलाएर कायरतापूर्वक विभत्स दण्ड दिने काम गरे। जलाइनुअघि कठघरामा उभ्याएर मृत्युदण्डको सजायँ सुनाउँदा ब्रुनोले भनेका थिए- "सायद् तिमीहरू, जसले सजायँको घोषणा गरेका छौ, सजायँ पाउनेभन्दा बढी डराएका छौ।"

जोर्डानो ब्रुनोपछि कोपर्निकसको 'सूर्य केन्द्रित ब्रह्माण्ड' को सिद्धान्तलाई अझ विकसित गर्ने काम अर्का इटालियाई वैज्ञानिक ग्यालिलियोले गरे। उनले सर्वप्रथम टेलिस्कोपको आविष्कार गरी त्यसको सहायताबाट वृहस्पति ग्रह वरिपरि त्यसका चन्द्रमाहरूले परिक्रमा गरिरहेको तथ्य पत्ता लगाए। र, त्यसकै आधारमा उनले गणितको भाषाबाट पृथ्वी तथा अन्य ग्रहहरूले सूर्यलाई परिक्रमा गर्ने कुरा प्रमाणित गरिदिए। इसाई पादरीहरूले ग्यालिलियोलाई ब्रुनोलाई जस्तै जिउँदै जलाएर प्राणदण्ड त दिएनन्, तर सन् १६३३ तिर उनलाई अदालतमा 'सूर्यले पृथ्वीलाई घुम्छ' भनेर जबरजस्ती रूपमा झूट बोल्न बाध्य तुल्याइयो। झूट बोलेर ज्यान जोगिए पनि ग्यालिलियोले जेलबाट भने मुक्ति पाउन सकेनन्। उनी जेलमै सडेर सन् १६४२ मा मृत्यु हुन पुगे।

अहिले कोपर्निकस, ब्रुनो र ग्यालिलियोको विचार सही साबित भएको छ। सूर्यले पृथ्वीलाई घुम्छ भन्नु अब मूर्ख कुरो भइसकेको छ। सायद् यस कुरालाई नै बुझेर होला, सन् १९९२ मा इसाईहरूका सर्वोच्च पोपले कोपर्निकस र ग्यालिलियो सही थिए भन्ने स्वीकारोक्तिको सार्वजनिक गरे। तर ब्रुनोको सवालमा भने पोपले अहिलेसम्म केही बोलेका छैनन्। उनको वैचारिक कामलाई अझै इसाईहरूको विश्व केन्द्र भेटिकन सहरमा निषेधित विषयको रूपमा कायम राखिएको छ।

*सन्दर्भ सामग्री: Science Reporter, Feb : २००१, Encyclopedia Britanica, Encyclopedia Encarta*

***- दायित्वबोध डटकमबाट***

# भक्तपुर क्षेत्र नं. १ : उम्मेदवारहरू जनताको घरदैलोमा सक्रिय




भक्तपुर, ५ फागुन । फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनको प्रचारप्रसारमा जुटेका दलका उम्मेदवारहरू घरदैलो अभियान लिएर गाउँ पसेका छन् । प्रतिनिधिसभाको निर्वाचनका लागि भक्तपुर क्षेत्र नं १ र २ मा उम्मेदवारी दिएका दलहरूले घरदैलो अभियान सञ्चालन गरेर मतदाताका घरघरमा मत माग्न पुगेका हुन् ।

बिहान र अपराह्न गरी दुई चरणमा अभियानको तालिका नै बनाएर नेपाल मजदुर किसान पार्टी, नेकपा (एमाले), नेपाली काङ्ग्रेस, नेकपा, राप्रपा, रास्वपालगायतका दलहरूले निर्वाचनका दुवै क्षेत्रमा घरदैलो अभियान तीव्र बनाएका हुन् । नेमकिपाको बलियो आधार क्षेत्र मानिँदै आएको भक्तपुर क्षेत्र नं १ मा चुनावी सरगरमी बढेको छ । मुख्य प्रतिस्पर्धी दलहरूले चुनावी वातावरणलाई तताएका छन् । निर्वाचन नजिकिँदै गर्दा उम्मेदवारहरू सैद्धान्तिक र विकासका एजेन्डा बोकेर जनतामाझ पुगिरहेका छन् ।

भक्तपुर क्षेत्र नं १ मा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले चौथोपटक प्रतिनिधिसभा सदस्यमा उम्मेदवार दिइरहँदा अन्य विभिन्न राजनीतिक दल र स्वतन्त्र गरी २५ जना प्रतिस्पर्धामा उभिएका छन् । भक्तपुर क्षेत्र नं १ मा २०४८ साल, २०५१ साल, २०५६ साल, २०६४ साल र २०७० सालमा अध्यक्ष नारायणमान बिजुक्छेले नेपाल मजदुर किसान पार्टीको प्रतिनिधित्व गर्दै निरन्तर प्रतिनिधिसभा सांसदमा अत्यधिक मतले निर्वाचित हुँदै आउनुभएको थियो ।

विसं २०७४ मा भने बिजुक्छेँले पार्टीमा पुस्तान्तरण गर्नुपर्छ भन्दै उम्मेदवारी नदिने निर्णय गरेसँगै नेमकिपाबाट सचिव प्रेम सुवाल २०७९ सालमा यही क्षेत्रबाट भारी मतान्तरणले निर्वाचित हुनुभएको थियो । २०७९ सालको प्रतिनिधिसभाका निर्वाचनमा भक्तपुर क्षेत्र नं १ मा नेमकिपाका प्रेम सुवालले ४२ हजार ७६१ मत ल्याएर निर्वाचित हुँदा उहाँका निकटतम प्रतिद्वन्द्वी नेकपा (एमाले) का नवराज गेलालले ११ हजार ९६८ मत ल्याएर दोस्रो हुनुभएको थियो । तीस हजार ७९३ मतको मतान्तरले पछाडि पार्दै प्रतिनिधिसभामा निर्वाचित भएकाले यस वर्षको निर्वाचनमा पनि भक्तपुर क्षेत्र नं १ मा फराकिलो मतान्तरले नेमकिपाले पहिलो पार्टी हुने दाबी गर्दै आएको छ ।

समाजवादी व्यवस्था स्थापना, नागरिकता नीतिमा कडाइ, भ्रष्टाचारविरुद्ध कठोर कानुन र शिक्षा–स्वास्थ्यलाई पूर्ण रूपमा नि:शुल्क बनाउने मुख्य एजेन्डा रहेको नेमकिपाका उम्मेदवार प्रेम सुवालले जानकारी दिनुभयो । निर्वाचनबाट मात्र समाजवाद नआउने, संसद्लाई प्रधानमन्त्री केन्द्रित संस्था नभई जनताको पीडा बुझ्ने, देशको रक्षा गर्ने र आवश्यक नीति तथा कानुन निर्माण गर्ने जनप्रतिनिधिमूलक सदन बनाउने प्रतिबद्धता लिएर जनतामाझ गएको बताउँदै उहाँले नेमकिपाले जन्मका आधारमा नागरिकता पाएका विदेशीका सन्तानलाई वंशजको नागरिकता दिने व्यवस्था खारेज गर्ने, भ्रष्टाचारीको सम्पत्ति राष्ट्रियकरण गर्ने, संसद् र राज्य संयन्त्रलाई 'सुविधा खोज्ने संस्था' बन्न नदिन कानुनी सुधार गर्ने घोषणापत्रमा लिएर मतदातामाझ गएको बताउनुभयो ।

नेमकिपालाई यस निर्वाचनमा पछाडि पार्छौं भन्दै विशेषगरी नेकपा (एमाले), नेपाली काङ्ग्रेस, नेकपा र राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो चुनावी प्रचारलाई तीव्र बनाएका छन् । नेकपा (एमाले) बाट यस वर्षको निर्वाचनमा सोमप्रसाद मिश्रले उम्मेदवारी दिनुभएको छ ।

यस क्षेत्रमा नेपाली काङ्ग्रेसबाट उम्मेदवार एवं नेपाल बार एसोसिएसन भक्तपुरका पूर्वअध्यक्ष अधिवक्ता किरण न्यौपानेले चुनाव प्रचारलाई तीव्र पार्नुभएको छ ।

रास्वपाका उम्मेदवार रुकेश रञ्जित नेमकिपाको किल्ला भत्काउने दाबी गर्नुहुन्छ । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट उम्मेदवार हरिराम लवजुदेखि राष्ट्रिय प्रजातन्त्र पार्टीबाट दोस्रोपटक उम्मेदवार भएका भरतबहादुर खड्काको आरोप पनि एउटै छ ।

भक्तपुर क्षेत्र नं १ बाट उम्मेदवारी दिएका उज्यालो पार्टी नेपालबाट रमेश बल्ल, आमजनता पार्टीबाट देवेन्द्र ठाकुर, राष्ट्रिय जनमोर्चा पार्टीबाट ईश्वरीप्रसाद पैयानी, जनता समाजवादी पार्टी (जसपा) नेपालबाट श्यामसुन्दर शिल्पकार, नेकपा (संयुक्त) बाट दामोदर पाण्डे, नेकपा (माओवादी) पार्टीबाट चन्द्रमान कोजु, मितेरी पार्टी नेपालबाट सावित्री न्यौपाने, नेपालका लागि नेपाली पार्टीबाट दीपक पोखरेल, श्रम संस्कृति पार्टीबाट विष्णुहरि न्हिसुतु र प्रगतिशील लोकतान्त्रिक पार्टीबाट रवि खाइजु पनि चुनावी मैदानमा हुनुहुन्छ ।

# बङ्गलादेशका भावी प्रधानमन्त्री तारिक रहमान र सांसदहरूद्वारा संसद्‌को शपथ ग्रहण

ढाका, ५ फागुन (एएफपी) । बङ्गलादेशका भावी प्रधानमन्त्री तारिक रहमान र सांसदहरूले मङ्गलबार संसदको शपथ लिएका छन् । उनीहरू सन् २०२४ को घातक विद्रोहपछि पहिलोपटक निर्वाचित प्रतिनिधि हुन् ।

शेख हसिनाको निरङ्कुश सरकार अपदस्थ भएदेखि १८ महिनासम्म देश चलाएको अन्तरिम सरकारबाट रहमानले पदभार ग्रहण गर्ने तयारी गरेको जनाइएको छ ।

बङ्गलादेशका नवनिर्वाचित सांसदहरूलाई मुख्य निर्वाचन आयुक्त नासिर उद्दीनले शपथ खुवाएको जनाइएको छ ।

बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) का सांसदहरूले रहमानलाई औपचारिक रूपमा आफ्नो दलको नेताको रूपमा निर्वाचित गर्ने अपेक्षा गरिएको छ । यसैबिच राष्ट्रपति मोहम्मद साहाबुद्दिनले मङ्गलबार दिउँसो प्रधानमन्त्री र मन्त्रीहरूलाई पद तथा गोपनियताको शपथ खुवाउने अपेक्षा गरिएको छ ।

देशको सबैभन्दा शक्तिशाली राजनीतिज्ञ तथा बिएनपीका प्रमुख ६० वर्षीय रहमानको पार्टीले फेब्रुअरी - १२ को चुनावमा जीत हासिल गरेको थियो ।

रहमानले लामो समयको उथलपुथलपछि स्थिरता पुनर्स्थापना गर्ने र विकासलाई पुनर्जीवित गर्ने प्रतिवद्धता गर्दै वर्षौंको कडा प्रतिद्वन्द्विताले ध्रुवीकृत भएको देशमा सबै दलहरूलाई "एकजुट रहन" पनि आह्वान गर्नुभएको छ ।

**'शान्तिपूर्ण विपक्ष'**

रहमानको जितले ढाकाको राजनीतिक आँधीबेहरीबाट टाढा रहेर बेलायतमा १७ वर्षको निर्वासनपछि डिसेम्बरमा बङ्गलादेश फर्केका मानिसका लागि उल्लेखनीय परिवर्तनको सङ्केत गरेको जनाइएको छ ।

बिएनपी गठबन्धनले एक चौथाइभन्दा बढी २१२ सिट जितेको छ भने जमात-ए-इस्लामी नेतृत्वको गठबन्धनले ७७ सिट जितेको छ ।

जमातका नेता शफिकुर रहमानले पनि इस्लामवादी पार्टीले "सतर्क, सैद्धान्तिक र शान्तिपूर्ण विपक्षको रूपमा काम गर्ने" बताउनुभएको छ ।

अपदस्थ नेता हसिनाको अवामी लिग पार्टीलाई भने चुनावमा भाग लिन प्रतिबन्ध लगाइएको थियो ।

मानवता विरुद्धको अपराधका लागि मृत्युदण्डको सजाय सुनाइएकी हसिनाले भारतमा लुकेर चुनावको निन्दा गर्नुभएको थियो ।

यद्दपी भारतले बीएनपीको "निर्णायक जीत" लाई -गहिरो तनावपूर्ण सम्बन्धबिच उल्लेखनीय परिवर्तनको आधा भन्दै प्रशंसा गरेको जनाइएको छ ।

**शिक्षाको...**

विद्यालयका प्रधानाध्यापक गणेशराम थुसाले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै विद्यालयलाई अझ प्रगतिउन्मुख बाटोतिर लैजान प्रयासरत रहेको बताउनुभयो ।

उहाँले विद्यालयको शैक्षिक, भौतिक अवस्थाबारे प्रस्ट पार्दै हाल उक्त विद्यालयमा ७०० भन्दा बढी विद्यार्थी अध्ययनरत रहेको र विद्यालयको विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याब व्यवस्थित रूपमा सञ्चालन भइरहेको अवगत गराउनुभयो ।

कार्यक्रममा विद्यालयका संस्थापक सदस्य कृष्णबहादुर दुगुजु, नगर शिक्षा शाखा भक्तपुरका प्रमुख साधुराम फुँयाल, विद्यालयका सहायक प्रअ लक्ष्मीसुन्दर सुवाल र विद्यार्थी प्रतिनिधिले पनि बोल्नुभयो ।

वार्षिकोत्सवको अवसरमा प्रमुख अतिथि प्रजापतिले विद्यार्थीहरूलाई पुरस्कार विरतण गर्नुभयो भने औपचारिक कार्यक्रमपश्चात् विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुति देखाएका थिए ।

# सीमापार कार्बन भण्डारणमा मलेसिया र जापानबिच सहकार्य

बैङ्कक, १७ फेब्रुअरी (एपी) । जलवायु परिवर्तन नियन्त्रणका उपायहरूमाथि विश्वव्यापी बहस चर्किरहेका बेला जापान र मलेसियाले सीमापार कार्बन क्याप्चर तथा भण्डारण परियोजना अघि बढाउने तयारी गरेका छन् । आलोचकहरूले प्रभावकारितामाथि प्रश्न उठाइरहे पनि दुवै देशले यसलाई उत्सर्जन व्यवस्थापनको नयाँ विकल्पका रूपमा प्रस्तुत गरेका छन् ।

योजनाअनुसार जापानले विद्युत् उत्पादन, तेल प्रशोधन, सिमेन्ट, ढुवानी र इस्पात उद्योग जस्ता आफ्ना औद्योगिक क्षेत्रहरूबाट निस्कने कार्बनडाइअक्साइड सङ्ग्रह गरेर तरलीकृत अवस्थामा मलेसिया पठाउने प्रस्ताव गरेको छ । उक्त कार्बन बोर्नियो टापुको सारावाक राज्य नजिकका समाप्त ग्यास क्षेत्रहरूमा भूमिगत रूपमा भण्डारण गरिने सम्भावना छ । यदि सफल भएमा यसले इन्डोनेसिया र थाइल्यान्डजस्ता अन्य दक्षिणपूर्व एसियाली राष्ट्रहरूमा यस्तै परियोजनाका लागि मार्गप्रशस्त गर्न सक्ने विज्ञहरूको भनाइ छ ।

कार्बन क्याप्चर प्रक्रिया प्रदूषणकारी स्रोतबाट सिधै उत्सर्जन सङ्ग्रह गर्ने, त्यसलाई तरलीकृत गरी विशेष जहाजमार्फत ढुवानी गर्ने र अन्तत: भूमिगत इन्जेक्सनमार्फत दीर्घकालीन भण्डारण गर्ने तीन चरणमा आधारित हुन्छ । इन्जेक्सनपछि चुहावट रोक्न दीर्घकालीन निगरानी आवश्यक हुन्छ । यद्यपि, विस्तृत प्राविधिक खाका अझै सार्वजनिक गरिएको छैन ।

केही सरकार र ऊर्जा कम्पनीहरूले यसलाई स्वच्छ ऊर्जातर्फको सङ्क्रमणका लागि 'समय किन्ने' उपायका रूपमा व्याख्या गर्छन् । युरोपमा पनि सीमापार कार्बन ढुवानी र अपतटीय भण्डारण परियोजनाहरू परीक्षण भइरहेका छन् । तर, अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले सन् २०५० सम्म कुल उत्सर्जन कटौतीमा यसको योगदान पाँच प्रतिशतभन्दा कम हुने अनुमान गरेको छ ।

मलेसियाले आफूलाई क्षेत्रीय कार्बन क्याप्चर केन्द्रका रूपमा उभ्याउने लक्ष्य राखेको छ । गत वर्ष यससम्बन्धी विधेयक पारित गरिएको थियो र अर्थ मन्त्रालयले ३० वर्षमा दुई खर्ब ५० अर्ब डलरसम्म आर्थिक लाभ हुन सक्ने आकलन गरेको जनाएको छ । सरकारी तेल तथा ग्यास कम्पनी पेट्रोनासले एक अर्ब १० करोड डलरको अपतटीय कार्बन भण्डारण सुविधा निर्माणको नेतृत्व गरिरहेको छ, जुन दशकको अन्त्यसम्म सञ्चालनमा ल्याउने लक्ष्य छ । यद्यपि मलेसियाको करिब ८१ प्रतिशत बिजुली अझै जीवाश्म इन्धनबाट उत्पादन हुन्छ ।

विश्वका प्रमुख कार्बन उत्सर्जकमध्ये एक जापानले शुद्ध उत्सर्जन घटाउने योजनाअन्तर्गत नौ कार्बन भण्डारण स्थलमा लगानी गरिरहेको छ, जसमध्ये तीन मलेसियामा रहेका छन् । सन् २०३० सम्म ती स्थलहरूले वार्षिक दुई करोड टन कार्बन भण्डारण गर्ने अनुमान गरिएको छ, जुन जापानको वार्षिक उत्सर्जनको करिब दुई प्रतिशत हो । भण्डारण गरिएको कार्बनको प्रतिटन मलेसियालाई भुक्तानी गरिनेछ र जापानले सो मात्रा आफ्ना कुल उत्सर्जनबाट घटाउन सक्नेछ ।

तर, आलोचकहरूले यसलाई 'कार्बन उपनिवेशवाद' को संज्ञा दिएका छन् । फ्रेन्ड्स अफ द अर्थ जापानकी अयुमी फुकाकुसाले अन्य देशमा उत्सर्जन निर्यात गर्नु दिगो समाधान नभएको बताउनुभयो । सेन्टर फर इन्टरनेसनल इन्भाइरोन्मेन्टल लका राचेल केनरलीले यस्तो योजनाले प्रदूषणको बोझ मलेसियातर्फ सार्ने र वास्तविक उत्सर्जन कटौती प्रयासलाई कमजोर पार्ने चेतावनी दिनुभयो ।

जलवायु सङ्कटसँग जुध्न तत्काल उत्सर्जन घटाउने उपाय प्राथमिक हुनुपर्ने तर्क राख्नेहरूका अनुसार कार्बन क्याप्चर महँगो र अप्रमाणित विकल्प हो । तथापि, जापान र मलेसियाले यसलाई प्रविधिगत अवसर र आर्थिक सम्भावनाका रूपमा अघि बढाइरहेका छन् । सीमापार कार्बन भण्डारणको यो पहल सफल हुने वा थप विवाद जन्माउने भन्ने प्रश्न अब कार्यान्वयन चरणमा निर्भर रहनेछ ।

**नेमकिपा...**

भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले बलात्कारी, चेलीबेटी बेचबिखन गर्ने र भ्रष्टाचारहरूलाई कडा कारबाही गर्नुपर्नेमा जोड दिनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले देशमा विदेशी चलखेल र घुसपैठ भएको कारण देशको सम्पत्ति जलेको तर्फ दल र जनता सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

ठुला दलहरू विदेशीहरूको पछि लागेको कारण देश झन्झन् खाडलमा परेको उल्लेख गर्दै उहाँले नेमकिपा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादविरुद्ध सङ्घर्षरत छ भन्नुभयो ।

नेमकिपा नगर समिति भक्तपुरका प्रतिनिधि गंगाराम ज्याख्वले देशमा समाजवादी व्यवस्था स्थापना गर्न समाजवादी प्रचार अभियान चलाइरहेको बताउनुभयो ।

नेमकिपा निर्वाचन परिचालन समिति वडा नं. १ का अध्यक्ष कृष्णबहादुर दुगुजुको सभापतित्वमा भएको सो जनसभामा नेक्राविसङ्घका राज श्रेष्ठ र नेक्रामहिलासङ्घका कल्पना शिल्पकारले पनि बोल्नुभएको थियो ।

हार्दिक समवेदना



जन्म
२०२३/११/०५

निधन
२०८२/१०/२३

यस संस्थाका संस्थापक सदस्य **भुषणभक्त बाटी**को दु:खद निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**निभा पुचः बचत तथा ऋण सहकारी संस्था लि.**
इताछेँ–२, भक्तपुर, फोन नं. ०१–६६१४६०४

हार्दिक समवेदना



जन्म
२०१०/०१/२५

निधन
२०८२/१०/२९

यस उदय साकोसका कर्मचारी रीता सुवालका पूजनीय माता **गंश कुमारी प्रजापति**को असामयिक निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**उदय बचत तथा ऋण सहकारी संस्था लि.**
लिबाली–८, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा